IFAD
Investing in rural people

# ज्ञान व्यवस्थापन तथा सिकाई रणनीति

## Knowledge Management and Learning Strategy

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
पहाडी साना किसानका लागि अनुकूलन आयोजना
आयोजना समन्वय ईकाइ
हात्तिसार, काठमाण्डौ
www.asha.gov.np

ASHA Adaptation for Smallholders in Hilly Areas

**प्रमुख सम्पादन**
पशुपति नाथ कोइराला, आयोजना संयोजक
सम्पादन मण्डल
नवराज बराल, आयोजना प्राविधिक टीमलिडर
प्रकाश बस्नेत, अनुगमन तथा मूल्यांकन अधिकृत
दिपक बहादुर चन्द, वन विज्ञ
द्रौपदी सुवेदी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ
निराजन खड्का, कृषि विकासका लागि अन्तराष्ट्रिय कोष

**लेखन संयोजक**
रमेश मास्के
ज्ञान व्यवस्थापन विज्ञ
पहाडी साना किसानका लागि अनुकूलन आयोजना
प्राविधिक सहयोग इकाई, सुर्खेत

**प्रकाशन**
नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
पहाडी साना किसानका लागि अनुकूलन आयोजना
आयोजना समन्वय इकाई, काठमाण्डौ

**२०७४**

© **सर्वाधिकार**
पहाडी साना किसानका लागि अनुकूलन आयोजना, आयोजना समन्वय इकाई, काठमाण्डौ ।

## संक्षिप्त शब्दहरु

AEPC : Alternative Energy Promotion Center (बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्र)
ASDP : Agriculture Sector Development Programme
AFEC :Agriculture Forest and Environment Committee (कृषि, वन तथा वातावरण समिति)

| | |
|---|---|
| ASHA | : Adaptation for Smallholders in Hilly Area (पहाडी साना किसानका लागि अनुकूलन आयोजना) |
| AWPB | : Annual Work Plan and Budget (वार्षिक कार्ययोजना तथा बजेट) |
| CCA | : Climate Change Adaptation (जलवायु परिवर्तन अनुकूलन) |
| DFSCC | : District Forest Sector Coordination Committee (जिल्ला वन क्षेत्र समन्वय समिति) |
| DSMP | : District Social Mobilization Programme |
| DPCU | : District Project Coordination Unit (जिल्ला आयोजना समन्वय इकाई) |
| DADO | : District Agriculture Development Office |
| GESI | : Gender Equality and Social Inclusion (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) |
| GoN | : Government of Nepal (नेपाल सरकार) |
| HVAP | : High-Value Agriculture Project in Hill and Mountain Areas (उच्च मूल्य कृषि वस्तु विकास आयोजना) |
| IFAD | : International Fund for Agricultural Development (कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष) |
| ICIMOD | : International Centre for Integrated Mountain Development |
| KUBK | : Kisankalagi Unnat Biu-Bijan Karyakram, |
| KM | : Knowledge Management (ज्ञान व्यवस्थापन) |
| KMLS | : Knowledge Management and Learning Strategy (ज्ञान व्यवस्थापन तथा सिकाई रणनीति) |
| LAPA | : Local Adaptation Plan of Action (स्थानीय अनुकूलन कार्ययोजना) |
| MoAD | : Ministry of Agriculture (कृषि विकास मन्त्रालय) |
| MoFSC | : Ministry of Forests and Soil Conservation (वन तथा भू-संरक्षण मन्त्रालय) |
| NAPA | : National Adaptation Plan of Action (राष्ट्रिय अनुकूलन कार्ययोजना) |
| NGO | : Non-Government Organization (गैढ सरकारी संस्था) |
| PCU | : Project Coordination Unit (आयोजना समन्वय एकाई) |
| PIM | : Project Implementation Manual (आयोजना कार्यान्वयन मार्गदर्शन) |
| PMU | : Project Management Unit |
| PSC | : Project Steering Committee |
| PAF | : Poverty Alleviation Fund Project II |
| RTC | : Rural Techonology Center (ग्रामिण प्रविधि केन्द्र) |
| RERP, | : Samriddhi - Rural Enterprises and Remittances Project |
| TTL | : Technical Team Leader ( प्राविधिक टोली नेता) |

# आभार



पहाडी साना किसानका लागि अनुकूलन  आयोजना कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषको आर्थिक सहयोगमा संचालित वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतको एउटा आयोजना हो । २६, फेब्रअरी २०१५ बाट लागु भएको यस ६ वर्षे आयोजनाले तत्कालिन मध्य पश्चिमाञ्चल विकास क्षेत्र हाल प्रदेश नं ५ र ६ का ७ वटा जिल्लाहरुः कालिकोट, दैलेख, सल्यान, जाजरकोट, पूर्वि रुकुम, पश्चिम रुकूम र रोल्पामा आफ्ना कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । जलवायुजन्य प्रकोपहरुबाट जोखिममा परेका ग्रामीण पहाडी क्षेत्रका साना किसानहरुको गरिबी कम गर्ने मुख्य लक्ष्य रहेको यस आयोजनाले स्थानीय समुदायहरुको जलवायु जन्य सङ्कटासन्नता न्युनीकरण गर्ने र जलवायु परिवर्तन अनुकूलनका लागि अनुकूलीत सँस्थागत वातावरणको सबलिकरण गर्ने उद्देश्य लिएको छ ।

यस आयोजनाको उद्देश्य पुरा गर्नको लागि  साना किसानले गरेका सफल तथा असफल अभ्यासहरुलाई समुदाय देखी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रहरुमा विस्तार तथा ज्ञान आदान प्रदान गर्न  गराउन आयोजनाको ज्ञान व्यवस्थापन तथा सिकाई रणनीति आवश्यक भएको हुँदा यो रणनीति तयार गरीएको छ । यो रणनीति पहाडी साना किसानका लागि अनुकूलन आयोजना समन्वय इकाई/प्राविधिक सहयोग इकाई, जिल्ला आयोजना समन्वय इकाईका कर्मचारीहरु र सामाजिक परिचालन सेवा प्रदायक, गैह्र सरकारी संस्थाका कर्मचारीहरुमा साझा बुझाई ल्याउदै आयोजनावाट प्राप्त ज्ञानहरुको व्यवस्थापन गरी संचार गर्न र प्रत्येक जिल्ला आयोजना समन्वय इकाईहरुमा  एकरुपता कायम गर्न विकास गरिएको हो । यो ज्ञान व्यवस्थापन तथा सिकाई रणनीति  आयोजना क्षेत्रमा संचालन भएका गतिविधिहरुको कार्यमा आधारित जानकारी, तथ्यांकहरु आयोजनाको अनुगमन  र मूल्यांकन प्रणाली मार्फत संकलन गर्न गराउन आयोजनाका सवै कर्मचारीहरुलाई आ-आफ्नो क्षेत्रवाट भूमिका खेल्नु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

यस रणनीति लेखन, सम्पादन तथा प्रकाशन गर्नको लागि मुख्य भूमिका खेल्नु हुने यस आयोजनका ज्ञान व्यवस्थापन विज्ञ श्री रमेश मास्केलाई विशेष धन्यवाद दिन चाहन्छु । समय समयमा निर्देशन तथा सुझावहरु प्रदान गर्ने वन तथा भूसंरक्षण मन्त्रालय, योजना महाशाखाका प्रमुख डा. श्री पेम नारायण कँडेल, वैदेशिक सहायता समन्वय महाशाखाका प्रमुख श्री धनञ्जय पौडेल तथा मन्त्रालयको टिम प्रति आभार व्यक्त गर्दछु । साथै यो रणनीतिलाई थप व्यवहारिक वनाउन मस्यौदा गर्दा आवश्यक सरसल्लाह तथा सुझाव दिनुहुने आयोजनाका योजना अधिकृत श्री शिला ज्ञवाली, अनुगमन तथा मूल्यांकन अधिकृत श्री प्रकाश बस्नेत प्राविधिक टिमलिडर श्री नवराज वराल, विषयगत विज्ञहरु दिपक वहादुर चन्द, द्रौपदी सुवेदी, विरेन्द्र चन्द, प्रकाश चन्द्र तारा, जिल्ला आयोजना संयोजकहरु र कृषि विकासको लागि अन्तराष्ट्रिय कोष नेपालका अधिकृत श्री वासुवावु अर्याल तथा प्रतिनिधि निराजन खड्का लगायत आइफाडको टिम एवं सहयोगी शुभेच्छुक सबैबाट भविष्यमा पनि सुझावको अपेक्षा गर्दै यो दस्तावेज तयारीको लागि गरेको योगदान प्रति कृतज्ञता व्यक्त गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

**पशुपति नाथ कोईराला**

आयोजना संयोजक

# विषय सूची

संक्षिप्त शब्दहरु 1

आभार 3

१. पृष्ठभूमी 6

२.परिचय 6

३. रणनीतिका आधार तथा सिद्धान्तहरु 7

४.औचित्य 7

५. उद्देश्य 7

६. अपेक्षित उपलब्धिहरु 8

७ लक्षित वर्ग 8

८. कार्यान्वयन रणनीति 8

९. ज्ञान साझेदारी तथा सिकाई सुदृणीकरण प्रकृया 10

*९. १ अनुगमन मूल्यांकन र ज्ञान व्यवस्थापन सम्वन्ध 10*

*९.२ क्षेत्रीय र विषयगत संजालहरुसंको सम्वन्ध सुदृणीकरण 10*

*९.३ ज्ञान आदान प्रदान तथा सिकाई कार्यक्रम व्यवस्थापन तथा सहभागिता 10*

*९.४. ज्ञान सामाग्रीहरु उत्पादन 10*

१० ज्ञान तथा सिकाई आदान प्रदानको लागि थप पूर्वधार विकास 11

*१०. १. सिकाई आदान प्रदानलाई अभिवृद्धि गर्न क्रियाकलाप आयोजना 11*

*१०.२. हाल भईरहेको सूचना प्रविधि IT plateform संग सम्वन्ध स्थापना 11*

११. ज्ञान तथा सिकाईहरुको साझेदारी तथा सहकार्य 11

१२.. ज्ञान तथा सिकाई आदान प्रदान गर्ने संस्कृतिको अभिवृद्धि 12

१३. ज्ञान व्यवस्थापन प्रकृया 12

*१३.१. ज्ञान व्यवस्थापनका विषयवस्तु तथा सिकाई प्रश्नहरु 12*

*१३.२ ज्ञान आदान प्रदान संयन्त्र 13*

*१३.३ ज्ञान व्यवस्थापन तथा सिकाई प्रणाली 15*

१४.संचार योजना 16

*१४ १ संचार तथा प्रचार प्रसार 16*

*१४.२ संचार गतिविधि तथा माध्यम (प्रस्तावित) 16*

१५. सिकाई योजना 20

१६.कार्यान्वयन प्रणाली: भूमिका र जिम्मेवारी 20

*१६.१. समुदाय स्तर* *21*

*१६.२. सामाजीक परिचालक तथा फिल्ड प्राविधिक स्तर* *21*

*१६.३. जिल्ला स्थित आयोजना तथा सेवाप्रदायक स्तर* *21*

*१६.४. विषयगत विज्ञ कर्मचारी स्तर* *22*

*१६.५. आयोजना प्राविधिक तथा समन्वय इकाई स्तर* *22*

**१७. ज्ञान व्यवस्थापन तथा सिकाई रणनीतिको तार्किक ढाँचा (Logical Framework)** **23**

**१८.मुख्य कार्य विवरण तथा जिम्मेवारी** **24**

## १. पृष्ठभूमी

जलवायु जन्य प्रकोपहरुबाट जोखिममा परेका ग्रामीण पहाडी क्षेत्रका साना किसानहरुको गरिबी कम गर्ने मुख्य लक्ष्य रहेको यस पहाडी  साना किसानका लागि अनुकूलन (Adaptations for Smallholders in Hilly Areas ASHA) आयोजना स्थानीय समुदायहरुको जलवायु जन्य सङ्कटासन्नता न्युनीकरण गर्ने र जलवायु परिवर्तन अनुकूलनका लागि अनुकूलीत हुन सँस्थागत वातावरणको सबलिकरण गर्ने उद्देश्य लिएको छ। आयोजनाका निर्देशित उद्देश्य अनुसार तीन वटा सम्भागहरु रहेका छन्। जस अनुसार सम्भाग एक अनुसार आयोजाना क्षेत्रमा  जलवायु समानुकूलित कृषि, पशु तथा वन व्यवस्थापनका अभ्यास तथा प्रविधिहरुको  वारेमा ज्ञानको पहुँच वढाउदै साना किसानहरुलाई वैकल्पीक जीविकोपार्जनका उपायहरुको वारे जानकारी उपलव्ध गराउने योजना छ। यस योजनाको कार्यन्वयनवाट साना किसानले गरेका सफल तथा असफल अभ्यासहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रहरुमा विस्तार तथा प्रसार गर्न गराउन  यो ज्ञान व्यवस्थापन तथा सिकाई रणनिति तयार गरीएको छ।

संगठनहरुको लागि सबैभन्दा महत्वपूर्ण सम्पति ज्ञान हो । व्यवसाय व्यवस्थापन र विकास क्षेत्रको परिवर्तनशील जानकारीहरुलाई छिटो अनुसन्धान गर्ने प्रणाली ज्ञान व्यवस्थापन हो। आयोजनाले गरेका पूर्व अभ्यास,  कृषि विकासको लागि अन्तराष्ट्रिय विकास कोष (International Fund for Agriculture Development) र अन्य विकास संस्थाहरुले अनुभव गरेका सवाल तथा कठिनाईहरुको सिकाईका आधारमा ज्ञान व्यवस्थापनमा रणनीति विकास गरीएको छ । यो ज्ञान व्यवस्थापन तथा सिकाई रणनीति तयार गर्दा सावधानिकपूर्वक आयोजनाको विषयगत सवालहरुलाई सम्वोधन गर्ने प्रयास गरेको छ। यसले आयोजना भित्र रहेका कर्मचारीहरु र बाहिरका सरोकारवालाहरु दुवैलाई परामर्श गरेको छ। यसले हालको ज्ञान र सिकाईको अवस्थाको मूल्यांकन गर्न, अन्य संस्थाहरुको प्रयासबाट सिकेको पाठहरु प्रवाहितहित गर्न, बुझ्न र लागु गर्नको साथै यस आयोजनाका उच्च व्यवस्थापकहरुवाट आवश्यक मार्गदर्शन प्राप्त गर्न सहयोग मिल्नेछ।

आयोजना भित्र तहगतरुपमा स्पष्ट भूमिका, उत्तरदायित्व र जिम्मेवारी सहित यो रणनीति तयार गरिएको छ । जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत कार्यान्वयन हुने जलवायु समानुकुलित कृषि, पशु तथा वन अभ्यासहरु र प्रविधि, उपजलाधार व्यवस्थापन, भू-उपयोग योजना, साना भौतिक पूर्वाधार विकास, सामाजीक समावेशीकरणका राम्रा अभ्यास तथा नौला विधि तथा औजारहरुलाई व्यवहारमा लागु र नीतिगत तहमा सुझाव दिन यो ज्ञान व्यवस्थापन तथा सिकाई रणनितिले सहयोग गर्ने अपेक्षा राखीएको छ । यस रणनितिमा ज्ञान व्यवस्थापनको आवश्यकता, महत्व, लक्ष्य, उद्देश्य र कार्यान्वयन विधि, कर्मचारी, सेवाप्रदायक र सरोकारवालाको भूमिका र कार्य योजनाहरु समावेश गरिएकोछ।

आयोजनाको लगफ्रेम (Log Frame) र अनुगमन तथा मूल्यांकन प्रणाली अनुसार जलवायु परिवर्तन तथा अनुकूलनका सवालमा समुदायले अपनाउँदै आएका उत्कृष्ट अभ्यास तथा परम्परागत ज्ञानहरुलाई व्यवस्थापन गर्न आयोजनामा संलग्न समूह, कर्मचारी, सेवाप्रदायक, सरोकारवाला, विषयगत विज्ञ तथा व्यवस्थापकहरुलाई कार्यान्वयन गर्न सहयोग पुग्ने आशा गरिएको छ । यो रणनैतिक योजनालाई सिकाईहरुको आधारमा आवश्यकता अनुसार आयोजनाद्वारा समय समयमा पुनरावलोकन गर्दै अद्यावधिक गर्न सकिनेछ।

## २.परिचय

ज्ञान कार्यमा आधारीत अनुभव, सूचना, जानकारी तथा सिकाईहरुलाई ज्ञान उत्पादन गर्ने, सहि व्यक्तिलाई, सहि समयमा, सहि संचार गर्नु नै ज्ञान व्यवस्थापन हो। संस्थालाई जिवन्त राख्ने विभिन्न श्रोत मध्ये ज्ञान व्यवस्थापन पनि एक हो। नयाँ पाठ सिक्न र ज्ञान साझेदारी गर्न, आयोजना डिजाईन र कार्यान्वयनमा सुधार गर्न, नीति प्रक्रियाहरुलाई प्रभाव पार्न, परियोजनाका गतिविधिहरुलाई जागरुकता बढाउन, नीति निर्माताहरु बीच आयोजनाको गुणस्तर बढाउन, लक्षित वर्गहरुलाई कृयाकलापहरु कार्यान्वयन गर्न जानकारी दिन, आयोजना क्षेत्रका साझेदारहरु निर्माण गर्न, सफल अनुभवहरुको प्रचार गर्न ज्ञान व्यवस्थापनले मुख्य भूमिका खेल्नेछ।

संचार ज्ञान उत्पादनहरु सुनिश्चित गर्न प्रयोग गरीने एक महत्वपूर्ण कदम हो, जसले सरोकारवालाहरुको लागि सही ज्ञानको प्रकाशन र सही माध्यमहरु पहिचान गर्न प्रयास गर्नेछ । यसले समुदायमा सरोकारवालाहरुको संलग्नता र संजाल निर्माण र प्रभाकारी संचार प्रणाली द्धारा उत्पादित उत्तम सामाग्रीले सेवाप्रदायक र सेवाग्राहीहरुको बानि व्यवहारमा सकारात्मक प्रभाव पार्न सहयोग गर्नेछ । ज्ञानमा आधारित संचार सामाग्री उत्पादनले आयोजना भन्दा बाहिर राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा बहस तथा छलफल चलाउनछ र संसारको धेरै क्षेत्रहरुमा विभिन्न तरीकाहरुको उपायहरु अवलम्बन गर्न दिशा निर्देश गर्नेछ ।

## ३. रणनीतिका आधार तथा सिद्धान्तहरु

यो ज्ञान व्यवस्थापन तथा सिकाई रणनीतिका आधारहरु आयोजना दस्तावेज, कार्यान्वयन मार्गदर्शन, (Project Implementation Manual (PIM) आयोजनाको विषयगत मार्गदर्शनहरु र अन्तराष्ट्रिय कृषि विकास कोषले ज्ञान व्यवस्थापनको लागि अंगिकार गरेका सवालका आधारमा तयार गरिएको छ । यस रणनैतिक योजनाले व्यक्ति र समुदायमा रहको ज्ञानहरुलाई स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्न एकीकृत गराउनका साथै नीतिगत तहमा वहस तथा छलफल चलाउने विषयमा भूमिका खेल्नछ । IFAD को ज्ञान व्यवस्थापन तथा संचार रणनीतिमा आधारीत यस रणनीतिमा चार संभागहरु रहेका छन् । ज्ञान साझेदारी र सिकाउने प्रक्रियाहरुलाई बलियो बनाउन, थप सहायक ज्ञान साझेदारी र पूर्वाधारको विकास गर्न, व्यापक जनजागरुकताको लागि ज्ञान र सिकाई साझेदारी बढाउन र ज्ञान साझेदारी र सिकाउने संस्कृतिको प्रवर्धन गर्नु रहेको छ । साथै रणनीतिका सिद्धान्तहरु निम्न अनुसार रहेका छन् ।

**क.जटिलता व्यवस्थापन:** ज्ञानको स्रोत र प्रयोग धेरै जटिल विषय हो । यो रणनीति यस्तो जटिलताहरुमा संवेदनशील भई व्यवस्थापनको लागि उपयोगी हुनेछ ।

**ख. अनुकूलनमा केन्द्रित:** ज्ञान व्यवस्थापन प्रणाली लक्षित वर्गहरुको लागि उपयोगी हुनेछ र यसले समुदायको उत्साह जगाउन केन्द्रीत हुनेछ ।

**ग. ठोस र दृश्यात्मक फाईदाहरु वुझाउने:** ज्ञान व्यवस्थापन प्रणालीले ठोस कामहरु देखाई लक्षित वर्गहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्नेछ ।

**घ. बलियो नेतृत्व:** यस रणनीतिले सवै सरोकारवालाहरुलाई पालै पालो जलवायु परिवर्तन मैत्री सूचना आदान प्रदान गरी साझा लक्ष्य प्राप्त गर्न सहयोग गर्नेछ ।।

**ढ. समान प्रकारका अनुभव:** यस रणनीतिले जलवायु परिवर्तनका समान प्रकारका अनुभवहरु सबै क्षेत्रका प्रयोगकर्ताहरुलाई आदान प्रदान गर्न सहयोग गर्नेछ ।

## ४.औचित्य

ज्ञान व्यवस्थापन विना लगानी गरीएको आयोजनाको उपलब्धि सहि वा गलत छुट्याउन कठिन हुन्छ । प्रभावकारी नीतिहरु बनाउने अवसरहरु पनि छुट्न सक्छ । ज्ञान व्यवस्थापन विना संरचित दृष्टिकोण अनुगमन तथा मूल्यांकन प्रणालीले संकलित अनुभव, सूचना, जानकारी तथा तथ्यांकहरु कार्यालयमा, कम्प्यूटरको भण्डारणमा वा आयोजनाको कर्मचारीको र उपभोक्ताको दिमागमा मात्र सिमित रहन्छ । यसका केही जानकारी आयोजनाको प्रगति प्रतिवेदनमा पत्ता लगाउन सकिन्छ तर सामान्यतया यस्तो प्रतिवेदनको ढाँचा संस्थाको आर्थिक प्रगति विवरणसंग मात्र सम्वन्धित हुन सक्छ । अत: सूचनालाई ज्ञानमा परिमार्जन गर्न र विभिन्न सरोकारवालाहरुलाई विषय केन्द्रित संचार गर्न ज्ञान व्यवस्थापनको भूमिका जरुरी छ ।

## ५. उद्देश्य

यो ज्ञान व्यवस्थापन तथा सिकाई रणनीतिको मुख्य लक्ष्य आयोजनाको कार्यान्वयन ढाँचा अनुसार रणनीतिगत ज्ञान व्यवस्थापन, संचारका आवश्यक औजारहरु कार्यक्रम संगै प्रदान गराउनु हो । यो रणनीतिको उद्देश्य ज्ञान व्यवस्थापन तथा सिकाईका ढाँचा सिर्जना गरी आयोजनाको कार्यलाई मार्गदर्शन गर्नु हो । यसका मुख्य उद्देश्य निम्नअनुसार रहेको छ ।

(१) ज्ञान तथा सिकाई आदान प्रदानले आयोजनाको कार्यान्वयन प्रणाली सुधार गर्ने ।

(२) आयोजनाको लक्ष्य र उद्देश्य प्राप्तिको लागि संचार गतिविधिहरुलाई रणनैतिक र व्यवस्थित रुपमा प्रयोग गरी राष्ट्रिय, क्षेत्रिय र जिल्ला स्तरका विभिन्न सरोकारवाला तथा संवन्धित सेवा प्रदायकहरुमा संचार गर्ने ।

## ६. अपेक्षित उपलब्धिहरु

ज्ञान व्यवस्थापन प्रणालीले आयोजना व्यवस्थापनको जीवनचक्रको रुपमा योजना प्रकृयाको विभिन्न चरणमा ज्ञान व्यवस्थापन गतिविधिहरुलाई मूलप्रवाहमा ल्याई ज्ञान प्रवाह गर्ने र एकीकरण गरेर बलियो बनाउने छ। सुधारिएको ज्ञान व्यवस्थापनले अझ राम्रो उत्पादन र प्रसार प्रणालीको नेतृत्व गर्ने छ। अपेक्षित उपलब्धिहरु निम्न छन्।

- सरोकारवालाहरु र सेवाग्राही (साना किसान तथा समुदाय) विचको सम्वन्ध विस्तार हुनछ।
- आयोजना कार्यान्वयनमा सुधार साथै एकरुपता भएको हुनेछ ।
- आयोजना कार्यन्वयन प्रति कर्मचारिको समान वुझाई हुनेछ।
- साझेदार सुदृढिकरण भएको हुनेछ।
- सिकाई प्रणालीमा सुधार आई विभिन्न प्लेटफर्म र जलावायु परिवर्तन अनुकूलनका उपायहरुको विकास भएको हुनेछ।
- आयोजनाको आन्तरीक तथा सरोकारवालाहरुसंगको संचारमा सुधार आउनेछ।
- राज्यको नीतिमा प्रभाव र विस्तार हुनेछ।
- आयोजनाको पहिचान तथा विस्तार हुन सहयोगी हुनेछ।
- अनुगमन मूल्यांकन र ज्ञान व्यवस्थापन विचको सम्वन्ध सुदृढ हुनेछ।
- आयोजनाको कर्मचारीको बौद्धिक क्षमता बढ्नेछ ।
- आयोजनाको असल अनुभवहरु सरोकारवालाहरुकोमा व्यवस्थित रुपले पुग्नेछ।

## ७ लक्षित वर्ग

आयोजनाले विभिन्न सेवाप्रदायक तथा सरोकारवालाहरु मार्फत कार्य गर्ने भएको हुँदा तालिका १ मा आयोजनाका लक्षित वर्ग उल्लेख गरीएको छ।

**तालिका १ : विभिन्न स्तरका लक्षित वर्गहरु**

| स्थानीय स्तर | राष्ट्रिय स्तर | अन्तराष्ट्रिय स्तर |
|---|---|---|
| • सरकारी निकायहरु (जिल्ला तथा गाउँपालिका, नगरपालिका स्तरका वन, भू-संरक्षण, कृषि विकास, पशु विकास, महिला विकास आदी)<br>• साना किसान, कृषि अगुवा, कृषि समूह, वन समूह, गरिवीको रेखामुनी रहेका समूह तथा समुदायहरु<br>• निजी क्षेत्र तथा उद्यमीहरु<br>• स्थानीय गैरसरकारी संस्थाहरु<br>• स्थानीय सेवाप्रदायक | • वन तथा भू-संरक्षण मन्त्रालय, कृषि विकास मन्त्रालय, पशुपन्छी विकास मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा अर्न्तगतका विभागहरु<br>• आईफाड नेपाल तथा सम्वन्धित आयोजना, परियोजना, कार्यक्रमहरु<br>• बैकल्पीक उर्जा प्रवर्द्धन केन्द, विषयगत अध्ययन अनुसन्धान केन्द्रहरु<br>• जलवायु परिवर्तन अनुकूलन सम्वन्धि काम गर्ने राष्ट्रिय स्तरका सरकारी तथा गैरसरकारी संस्थाहरु<br>• साझेदार तथा विकास साझेदारहरु | IFAD (IFAD Nepal Country Office, IFAD Headquarters)<br>IFAD institutional partners (World Bank, ADB, FAO)<br>Other climate change adaptation supportive projects/ programmes |

## ८. कार्यान्वयन रणनीति

पहाडी साना किसानका लागि अनुकूलन (ASHA) आयोजनाले स्थानीय स्तरमा जलवायु अनुकूलनको लागि संरचना सुदृढिकरण गर्न र जलवायु परिवर्तनबाट संकटासन्न अवस्थामा रहेका जनताहरुको समानुकूलन क्षमतामा सुधार गर्न

निरन्तर रुपमा काम गर्नेछ । अनुकूलनका प्रविधिहरुको बारेमा नयाँ अनुभवका आधारमा ज्ञान व्यवस्थापन गरिनेछ । जसले कार्यान्वयनका सिकाईहरु पहिचान गरी आयोजनाको कार्यमा समग्र सुधार गरी समान लक्ष्य प्राप्त गर्न सहयोग गर्नेछ । आयोजनाको अनुगमन तथा मूल्यांकन प्रणालीद्धारा संख्यात्मक तथा गुणात्मक सूचनाहरु ठूलो मात्रामा संकलन गरी विश्लेषण गरीन्छ यद्यपि ज्ञान व्यवस्थापनले फिल्डमा भएका उत्तम अभ्यास र सिकाईहरुको पहिचान गरी आयोजना व्यवस्थापन र कार्यान्वयन प्रकृयामा एकीकृत गर्ने तथा त्यसको प्रसार गरी पृष्ठपोषण पनि प्राप्त गरिनेछ ।

आयोजनाको अनुगमन तथा मूल्यांकन विधिसंग नजीकको सम्बन्ध राखी ज्ञान व्यवस्थापन योजना संवन्धित विज्ञहरु संगको समन्वयमा प्रत्येक वर्ष विकास गरीने छ । यस योजनाले ज्ञान उत्पादन गर्न, आदान प्रदान गर्न र प्रभावकारी रुपमा आयोजनाको कार्यान्वयनमा सुधार र दिगो बनाउन सहजिकरण गर्नेछ । आयोजना अवधिभरका उत्तम् अभ्यास, सफलताका कथाहरु जुन लक्षित लाभान्वित वर्ग सम्म ज्ञान साझेदार गर्न सहयोग गर्नेछ । अनुगमन तथा मूल्याङ्कन र ज्ञान व्यवस्थापन विज्ञहरुले सम्बन्धित सिकाईहरुः विभिन्न प्रगति प्रतिवेदन, बैठक, अन्तर्वाता, अनुगमन तथा मूल्यांकन प्रतिवेदन, मामला अध्ययन, सफलता असफलताको कथाहरु संलग्न साझेदारहरु वाट संकलन गरी लिपीवद्ध गरीनेछ ।

योजनाले उत्पादन गरेका ज्ञानहरु आन्तरीक उपभोक्ताले सुक्ष्म अध्ययन गरी आयोजनाको समस्याको पहिचान, समाधानका उपायहरु, आन्तरिक कार्यमा सुधार, कार्य प्रकृयामा सुधार गरीनुका साथै वाह्य सराकोरवाला र आम वर्गलाई पनि संचार गरीनेछ । यस योजनाको प्रभावकारी प्रयोगको जिम्मेवारी आयोजनाका सबै कर्मचारी, सरोकारवालाहरु हुनेछन् भने सहजीकरणको कार्य योजना अनुगमन मूल्यांकन र ज्ञान व्यवस्थापन विज्ञ तथा अनुगमन तथा मूल्यांकन अधिकृतले गर्ने छन् ।

प्रभावकारी सिकाई र ज्ञान व्यवस्थापनको लागि दुईवटा रणनीतिक विधिहरु अपनाईनेछ :

**पहिलोः** आयोजना संचालन अवधिमा कार्यान्वयन र व्यवस्थापनमा तत्काल सुधारका कार्यगर्न, कार्यमा आधारीत सिकाई र ज्ञान व्यवस्थापनले सहजीकरण भूमिका खेल्ने छ ।

**दोश्रोः** नेपाल सरकार र अन्तराष्ट्रिय कृषि विकास कोष (IFAD) लाई नीतिगतमा वहस र निर्णय गर्न, कार्यमा आधारीत सिकाई र ज्ञान वारे जानकारी गराउने छ । सो कार्यको लागि ज्ञान व्यवस्थापन र सिकाई रणनीति निम्न रहेका छन् ।

- आयोजनाको लगफ्रेम, कार्यान्वयन विधि र वार्षिक कार्ययोजना अनुसार अनुगमन तथा मूल्यांकन प्रणाली स्थापित भई तथ्यांकहरुको विश्लेषण गरी प्राप्त प्रगतिहरु उपलव्ध गराउने छ ।
- लक्षित कार्यहरुको कार्य सम्पादन, समिक्षा र मूल्यांकन, उपभोक्ता समूह र प्रतिनिधिहरुद्धारा सहभागितामूलक अनुगमन तथा मूल्यांकन प्रकृयाद्धारा गरीने छ ।
- प्रभावकारी रुपमा सिकाईहरुलाई संकलन (लिपीवद्ध गर्न) लगातार योजना, समिक्षा र अनुगमन तथा मूल्यांकन गोष्ठीहरु विभिन्न तहमा संचालन गर्ने ।
- आयोजनाको वार्षिक लक्ष्य, उपलव्धिको सर्वेक्षण सम्वन्धित मूल्यांकन गोष्ठि द्धारा गरीने छ ।
- कृषि विकासको लागि अन्तराष्ट्रिय कोष (IFAD) नेपाल र सरोकारवालाहरुको विचमा समुदायहरुको अभ्यासलाई स्थापना गर्ने र भईरहेको जलवायु नेटवर्कलाई प्रयोग गर्दै ज्ञान फैलाउने ।
- जलवायु परिवर्तन अनुकूलनका सवालहरुमा सुरुवात गरेका नौला पहलहरुका राम्रा अभ्यासहरुलाई लगातार संचार तथा ज्ञान सामाग्रीहरुको उत्पादन गरी विभिन्न आम संचार माध्यमहरु (रेडियो, टेलिभिजन इन्टरनेट) वाट प्रसारण गरी दर्शक तथा श्रोतहरुवाट टिप्पणी लिईनेछ ।
- जलवायु परिवर्तन अनुकूलन, गरीवि न्यूनिकरण, लैगिंक समानता तथा सामाजिक समावेशीकरण मूख्यधारहरुका प्राविधिक पक्षमा स्थानीय तहहरु, सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र, अनुसन्धानरत संस्थाहरुलाई सिकाईका पाठहरु राष्ट्रव्यापी रुपमा (IFAD Asia) अन्तराष्ट्रिय कृषि विकास कोष एसीया समेत) प्रसार गर्न विधुतिय माध्यमद्धारा आदान प्रदान गर्न आयोजना समन्वय इकाईले जिम्मेवारी पूर्वक भूमिका निर्वाह गर्नेछ ।

यसको साथसाथै जलवायु परिवर्तन अनुकूलन, गरिवी न्यूनिकरण, कृषि विकास र ग्रामीण विकास सम्वन्धि विषयहरुमा क्षेत्रिय र अन्तराष्ट्रिय ज्ञान संजाल गतिविधिहरुमा आयोजना सक्रिय रुपमा सहभागी हुनेछ ।

## ९. ज्ञान साझेदारी तथा सिकाई सुदृणीकरण प्रकृया

यसआयोजना द्वारा संचालन गरीने गतिविधिहरु मार्फत परिणाममा सुधार गर्न चार प्रमुख ज्ञान साझेदारी र सिक्ने प्रकृयाहरु सुदृढ गरिनेछ ।

### ९.१ अनुगमन मूल्यांकन र ज्ञान व्यवस्थापन सम्वन्ध

ज्ञान व्यवस्थापन प्रमाणमा आधारीत छ भन्ने सुनिश्चित गर्न ज्ञान व्यवस्थापन आयोजनाका संभाग र क्रियाकलापको स्तरमा प्रत्यक्ष रुपमा अनुगमन तथा मूल्यांकन प्रणालीसंग जोडिनेछ । उदाहरणको लागि, अनुगमन तथा मूल्यांकन प्रणालीको माध्यमबाट एकत्रित जानकारीद्वारा सूचित गरि ब्लग वेभसाईट वा सफलताको कथा तयार गर्न प्रयास गरिने छ । अनुगमन तथा मूल्यांकनको माध्यमले, आयोजना कार्यान्वयनको सुपरिवेक्षण, मध्यमवधि समीक्षाको माध्यमबाट स्थानीय स्तरमा भएका सिकाईका पाठहरु आयोजनाको प्रभावकारीतामा सुधार गर्नको लागि उपयोग गरिने छ र अन्य IFAD क्षेत्रिय, विषयगत संजालहरु र सम्बन्धित विभिन्न वेभ पेजहरुमा समावेश गरीनेछ ।

मुख्यतया साना किसान, भौगोलिक र सामाजीक रुपमा पछाडी पारीएका वर्ग, दलित, महिलाहरुवाट वाहिर नआएका मौन ज्ञान (Silent and tacit knowledge) जुन लाभान्वितहरुको बीचमा प्रचलित रुपमा रहेको परम्परागत ज्ञान तथा अभ्यासहरुलाई आयोजनाले आफ्नो प्रविधिबाट संकलन गर्न प्रयास गर्नेछ । यसरी संकलन गरीएका ज्ञानलाई संवन्धित विज्ञहरु मार्फत स्पष्ट रुपमा पुष्टि गरि उत्कृष्ट अभ्यास र परिणामहरु वृत्तचित्र, शिक्षामूलक पुस्तिकामा रुपान्तरण गरी साना किसान, समुदायको र अन्य सरोकारवालाहरुको विचमा फैलाउन व्यापक वितरण गरीनेछ ।

### ९.२ क्षेत्रीय र विषयगत संजालहरुसंको सम्वन्ध सुदृणीकरण

कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषको सहयोगमा नेपालमा संचालित आयोजना, परियोजनाहरु संग समन्वय र सहकार्यको माध्यम द्वारा विषयगत संजालहरुको विकास तथा सम्वन्ध सुदृढिकरण भएको हुनेछ । संजालले भविष्यको लागि सोच्न र विस्तारको लागि निर्णय गर्न ज्ञानको महत्वलाई प्रसार गरीनेछ । आयोजनाको ज्ञानलाई IFAD मा संस्थागत गरी विभिन्न वेभ पेज तथा पोर्टलद्धारा IFAD को केन्द्रमा र विषयगत संजालहरुमा विस्तार गनेछ । आयोजनाले जलवायु परिवर्तन अनुकूलन, वन तथा उपजलाधार व्यवस्थापन, जलवायु मैत्री कृषि, पशु व्यवसायीकरणको स्थापना गर्न सुरुवातमा सहयोग गर्नेछ । यसका लागि मुख्यतः नेपालका वन तथा भू-संरक्षण, कृषि, पशु विकास मन्त्रालय लगायत अन्य विषयगत समूहहरुः विकास व्यवसायी, उद्यमीहरु, विभिन्न एजेन्सीहरु, उच्च कृषि मूल्य वस्तु आयोजना, किसानका लागि उन्नत विउ विजन कार्यक्रम, गरिवी निवारण कोष, कृषि क्षेत्रको लागि विकास कार्यक्रम, ग्रामिण उद्यमको लागि विप्रेषण आयोजना, राष्ट्रिय नीतिनिर्माता र विज्ञ समुदायहरु समावेश हुनेछन् । यसैगरी राष्ट्रिय कृषि अनुसंन्धान परिषद्, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय, कृषि वन विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयहरु, बैकल्पिक उर्जा प्रवर्द्धन केन्दले प्रतिनिधित्व गर्नेछन् । यसको मुख्य उद्देश्य (क्षेत्रगत अनुभवहरु र सिकेका पाठको आधारमा) विषयगत समूहले नीतिगत सवालका अभ्यासहरुलाई वाहिर ल्याउने र राष्ट्रिय नीति विकास प्रकृयामा समावेश गर्ने पहल गर्नेछ ।

### ९.३ ज्ञान आदान प्रदान तथा सिकाई कार्यक्रम व्यवस्थापन तथा सहभागिता

आयोजनाले जिल्ला स्तर, क्षेत्रिय स्तर र राष्ट्रिय स्तरमा (आयोजना स्तर) विशेष गरी नीति निर्माण सम्मेलन, समूह छलफल तथा कार्यशालाहरु व्यवस्थित गर्नेछ । कार्यशालामा भएका उपलव्धिलाई अभिलेखीकरण गरीनेछ र आयोजना कर्मचारी, साझेदारहरु र आम सरोकारवालाहरुको लागि वेबमा आधारीत पोर्टलहरुको बीचमा आयोजनाको वेभसाइट, IFAD पोर्टलहरु र नीतिगत सिफारीसका लागि प्रयोग गर्न विस्तार गरीनछ । साथै आयोजनाले अन्य निकायहरुद्धारा संचालित यस्तै कार्यक्रमहरुमा पनि भाग लिनेछ । आयोजनाका कर्मचारीहरुले समावेशी अनुकूलन योजना तयार तथा कार्यान्वयन, वन तथा उपजलाधार व्यवस्थापन, भू-उपयोगी योजना, भैतिक पूर्वधार, जलवायु मैत्री कृषि, पशु विकास र लैङ्गिकका मुख्यधार जस्ता आयोजनाका सम्वन्धित विशेष विषयवस्तुहरुमा भाग लिने, कार्यक्रम संचालन र व्यवस्थापन गर्नेछ ।

### ९.४. ज्ञान सामाग्रीहरु उत्पादन

आयोजनाले तथ्यमा आधारीत ज्ञान सामाग्रीहरु उत्पादन विधि अपनाउने छ । यो आयोजनाको अभ्यास विधिमा योगदान गर्ने छ । आयोजनाको सिकाई नोटहरु र विषयगत अध्ययन श्रृंखला, न्यूजलेटरहरु साथै वेभ प्रकाशन तथा स्थानीय, प्रदेश तथा राष्ट्रिय स्तरका आम संचार माध्यम द्वारा गरीनछ । आयोजनाले आफ्नो वार्षिक प्रतिवेदन, विषयगत सिकाई नोट, आयोजना पुस्तिका, नोट, जानकारीमूलक प्राविधिक नोट, साना किसानको लागि जानकारीमूलक मार्गदर्शन, निर्देशिकाहरु, कार्यविधि, स्थानीय अनकूलन कार्ययोजना तयारी तथा कार्यान्वयन प्रकृया, विषयगत रणनीतिहरु, सफलताको कथा, फोटो कथा, चलायमान कथा आदी योजनाको प्रगतिरुपको रुपमा रहनेछ ।

## १० ज्ञान तथा सिकाई आदान प्रदानको लागि थप पूर्वधार विकास

आयोजनाले ज्ञान व्यवस्थापनका उद्देश्यहरु प्राप्त गर्न थप सहायक पूर्वाधारहरु समावेश गरेकोछ ।

### १०. १. सिकाई आदान प्रदानलाई अभिवृद्धि गर्न कियाकलाप  आयोजना

सूचना प्रविधि आदान प्रदान कार्यक्रमले एकआपसमा आमने सामने सिकाई आदान प्रदान गर्न प्रोत्साहित गर्न सहयोग गर्छ । धेरै जसो यो कार्यक्रम भित्र चलिरहने प्रकृया हो । यसवाहेक घटनाहरु ज्ञान व्यवस्थापनलाई अभिवृद्धि गर्न पनि उपयोग गरिन्छ । IFAD द्वारा सिकाई गरिएको (Learning roughts programme) सिकाई पथ कार्यक्रमहरुमा यस आयोजनाको सक्रिय सहभागीता रहनेछ र यसको कार्यक्षेत्रमा समान प्रकृतिको कार्यक्रमहरुलाई व्यवस्थित गरीनेछ । सामुदायिक ज्ञान केन्द्र द्वारा प्राप्त सूचना प्रणलीको आधारमा जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरुलाई आयोजनाको सूचना व्यवस्थापन प्रणालीसँग आवद्धता गराइनेछ ।

### १०.२. हाल भईरहेको सूचना प्रविधि IT plateform संग सम्वन्ध स्थापना

आयोजनाले IT plateform को प्रयोग गरी IFAD एशियाको पोर्टलमा  ज्ञान विकास (KM4 development) र ग्रामीण गरीबी पोर्टलहरु जस्तै व्यवस्थित सूचना प्रविधिका प्लेटफमहरु प्रयोग गरी ज्ञान आदान प्रदान प्रकृयालाई प्रभावकारी वनाउन सहयोग गर्नेछ । ज्ञानको आधारभूत संरचनालाई सहयोग गर्न आयोजनाका वेभसाइट र IFAD एशिया र सरोकारवालाहरुको वेभसाइटहरुमा सम्बन्ध स्थापना गरीनेछ । आयोजनाले ज्ञान व्यवस्थापन प्रकृयालाई सुधार्न सान्दर्भिक प्रशिक्षण तालिमको सहजीकरण पनि प्रदान गर्नेछ ।

### १०.३.अन्य सूचना प्रविधि उपकरणहरुको प्रयोग

आयोजनाले (ईमेल वेभसाइटहरु, डिजिटल सूचनापत्रहरु,  ईछफलहरु, ब्लगहरु र अन्य संजालहरु) सूचना व्यवस्थापन प्रविधि (MIS) , तथ्याङ्क आधार र अन्य सफ्टवेयरहरुको आयोजना समन्वय तथा प्राविधिक सहयोग इकाईमा व्यवस्था र प्रयोग गर्न प्रोत्साहित गर्नेछ । उदाहरणको लागि आयोजनाले सक्रिय रुपमा प्रविधि तथा उपकरणहरुलाई विभिन्न प्लेटफर्म मार्फत प्रयोग गर्न सम्वन्धित सरोकारवालाहरुलाई प्रशिक्षण गर्न प्रोत्साहित गराउने छ ।

## ११. ज्ञान तथा सिकाईहरुको साझेदारी तथा सहकार्य

आयोजनाको बुझाई  अनुसार ज्ञान तथा सिकाईलाई फराकीलो रुपमा आदान प्रदान गर्न रणनीतिगत साझेदारीहरुको विकास गर्ने कार्य महत्वपूर्ण हुनेछ । ज्ञान र सिकाईलाई व्यवस्थित गर्न आयोजनाले वर्तमानमा भईरहेका साझेदारीतालाई अभिवृद्धि तथा सुदृढ गरी  गरी दिगो रुपमा साझेदारीताको विकास गर्नेछ ।

### ११.१.वहुसरोकारवाला प्लेटफर्महरुको व्यवस्था

वहुसरोकारवालाहरुको प्लेटफर्महरुलाई व्यवस्थित गर्दै जलवायु परिवर्तन अनुकूलन, वन तथा उपजलाधार व्यवस्थापन, जलवायु मैत्री कृषि, पशु व्यवसायवाट भएका सिकाई तथा उपलव्धिहरुको प्रचार प्रसार गर्न र किसानले उत्पादन गरेका वस्तुहरुको विक्रिवितरण गर्न वातावरण बन्नुको साथै सम्वन्ध विस्तार हुनेछ ।

### ११.२.जलवायु परिवर्तन अनुकूलन संग सम्वन्ध आयोजनाहरुसंग साझेदारी

आयोजनाले नेपाल भित्र IFAD ले अनुदान गरेका सवै आयोजनाहरुमा (जस्तै HVAP, PAF, KUBK RERPA, ASDP) जलवायु परिवर्तन अनुकूलन सम्वन्धि नयाँ अनुभव तथा ज्ञानहरुलाई विस्तार गर्न सहजीकरण गर्नेछ । साथै जलवायु मैत्री कृयाकलापहरु तथा व्यवसाय अपनाउन प्रोत्साहन गर्नेछ । IFAD एशिया तथा विश्वव्यापी रुपमा नेपालमा जलवायु परिवर्तन अनुकूलनका अध्यासहरुमा आकर्षित गनछ । आयोजनाले जलवायु परिवर्तन अनुकूलनका उल्लेखनिय कार्यको ज्ञान साझेदारी गर्न पर्वतीय एकिकृत विकासको लागि अन्तराष्ट्रिय केन्द्र (International Center for Integrated Mountain Development- ICIMOD) बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको साझेदारी गर्न एक त्रिपक्षीय साझेदारीको संभावना अन्वेषण गर्नेछ र संस्थागत सम्वन्धको विस्तार गरी ज्ञान तथा सिकाई आदान प्रदान संजालको विकास गरीनेछ ।

### ११.३. आयोजनाको परिदृष्यमात्क विस्तार (Project Visibility)

आयोजनाको लक्ष्य, कार्यशैली तथा उपलव्धि, प्राप्त सिकाई तथा ज्ञानको प्रचार प्रसार गर्न संचारकर्मीहरुसंगको साझेदारीमा कार्यक्षेत्रमा संचारकर्मीहरुको  स्थलगत भ्रमण गराई राष्ट्रिय स्तरका माध्यम द्वारा सूचना सम्प्रेषण गरिनेछ ।  आयोजनाले अन्य मञ्च  र कार्याशाला लगायतका माध्यमहरुको उपयोग गरेर ज्ञान तथा सिकाई आदान प्रदानमा निरन्तरता दिनुको साथै

आयोजनाले माथी र तल उल्लेख गरेका सवै संचार माध्यमहरु तथा अन्य उपयुक्त विधिहरुको उपयोग गरी सरोकारवालाहरुलाई जागरुकता बढाउदै लैजानेछ ।

## १२.. ज्ञान तथा सिकाई आदान प्रदान गर्ने संस्कृतिको अभिवृद्धि

आयोजना भित्र भएका संरचनाहरुको प्रयोग गरी ज्ञान तथा सिकाई आदान प्रदान गर्ने संस्कृतिको विकास गर्ने उद्देश्यले निम्न कियाकलापहरु समावेश गरीएको छ ।

### १२.१. ज्ञान वितरण

आयोजनाले ज्ञान वितरण तथा आदान प्रदानको लागि विभिन्न ईन्यूजलेटर, फोटो, भिडियोहरु, पोष्टर पम्प्लेट, ज्ञान नोट ब्लगहरु, फेसवुक, यूट्यूव लगायतका सामाग्रीहरु लिपीवद्ध गरी ज्ञान उत्पादन गरीनेछ । ज्ञान उत्पादन कार्यक्रमका साथ इन्टरनेट, प्रकाशन सहित विभिन्न अन्तरक्रियात्मक संचार, छलफल र मञ्चहरुको प्रयोग गरी ज्ञान साझेदारी गरीनछ । साथै सवै साझेदारहरुलाई ज्ञान तथा सिकाई आदान प्रदान गर्न प्रोत्साहित गरीने छ । यसै गरी सवै सेवाप्रदायक तथा साझेदारहरुले कार्यान्वयनबाट प्राप्त नतीजा तथा ज्ञानहरुलाई IFAD एशियाको वेभसाईटवाट जानकारी आदान प्रदान गर्न प्रोत्साहित गरिने छ ।

### १२.२. सिप तथा क्षमता विकास

आयोजनावाट परिचालित सवै कर्मचारी, सेवाप्रदायकहरुको क्षमता विकासको लागि राष्ट्रिय, क्षेत्रिय, प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा ज्ञान व्यवस्थापन तथा संचार तालिम प्रदान गरी आयोजनाको अनुगमन तथा मूल्यांकनको तथ्यांकहरुलाई व्यवस्थित गरी ज्ञानको संग्रह, विश्लेषण र लिपीवद्ध गरीनछ । विशेषरुपमा आयोजनाको अनुगमन तथा मूल्यांकनसंग समन्वय गराई ज्ञान व्यवस्थापन सम्वन्धि विषयहरु एकीकृत गरी मिडिया र संचारको विषयमा प्रशिक्षण प्रदान गरीनेछ । तालिम विशेष गरेर कर्मचारीहरुले ज्ञानको संकलन, विश्लेषण, र उत्पादन गर्ने औजार, विधिहरुको वारेमा क्षमता विकास गरी तथ्यमा आधारीत सफलताका कथा, ब्लग, चलायमान चित्रहरु तथा कथाहरु आदी उत्पादन गरीनछ । यो सिपको विकासले ज्ञान व्यवस्थापन स्थापनाको अभ्यास सवै आयोजना संभागहरुको अनुगमन तथा मूल्यांकन र संचारमा सफल रुपमा प्रयोग हुनछ । यसको अतिरिक्त कर्मचारीहरुको लागि गोष्ठी, कार्यशालार अभिमूखीकरण गरी ज्ञान व्यवस्थापनलाई सुदृढिकरण र क्षमता विकास गरीने छ । आयोजना कर्मचारी र अन्य सम्वन्धित सहभागीहरुलाई पनि ज्ञान साझेदारी गर्न अभ्यासको विकास गर्नको लागि विभिन्न मञ्चहरु जस्तै प्रशिक्षण, गोष्ठी, कार्याशाला, समूह छलफल, सूचना आदान प्रदान, भ्रमण र अन्य माध्यमबाट अन्तरक्रिया गर्न उत्पेरित गरिनेछ ।

## १३. ज्ञान व्यवस्थापन प्रकृया

ज्ञान व्यवस्थापन रणनीतिको उद्देश्य प्राप्त गर्न विषयगत क्षेत्रको मुख्य सिकाई प्रश्नहरु ज्ञान विकास गर्न विकसीत गरिएको छ ।

### १३.१. ज्ञान व्यवस्थापनका विषयवस्तु तथा सिकाई प्रश्नहरु

आयोजना संग सम्वन्धि ज्ञानका विषयवस्तु तथा संवन्धित सिकाई प्रश्नहरु तालिका नं. २ मा उल्लेख गरिएको छ । यी विषयवस्तु र सिकाई प्रश्नको आधारमा महत्वपूर्ण ज्ञानहरु सिक्न सकिने आशा गरिएको छ ।

**तालिका नं.: २ सम्वन्धित विषयका सिकाइ प्रश्नहरु**

| ज्ञानका विषयहरु | सम्वन्धित विषयका सिकाइ प्रश्नहरु |
|---|---|
| स्थानीय स्तरको जलवायु अनुकूलन संरचना सुदृढीकरण | के कस्ता गतिविधिहरु गरीएमा उप जलाधारमा आधारित स्थानीय जलवायु अनुकूलन कार्ययोजना तर्जुमा पद्धतिको विकास गर्न सकिन्छ ? |
| | के कस्ता विधिहरु अपनाईयो भने सुदृढ स्थानीय अनुकूलन कार्ययोजना (LAPA) तयार गर्न सकिन्छ ? संकटासन्न चौथो वर्गको किसान (सबभन्दा संकटासन्न किसान तथा घरधुरी) छनौट गर्न के कस्ता औजार तथा विधिहरुको प्रयोग गरीयो भने व्यवहारीक हुन सक्छ ? |
| | के कस्ता गतिविधिहरु संचालन गरीयो भने जलवायु परिवर्तन अनुकूलनका लागी संस्थागत क्षमता अभिवृद्धि गर्न सकिन्छ ? |
| | उपजलाधार क्षेत्र व्यवस्थापन गर्दा तल्लो तटको लागि के के फाईदा र उपल्लो तटको लागि के फाईदा र सम्बन्ध के के कुरामा हुन सक्छ ? |

| | |
|---|---|
| जलवायु सूसुचित तथा लैङ्गिक मैत्री प्राकृतिक स्रोत व्यवस्थापन | लैङ्गिक मैत्री प्राकृतिक स्रोत व्यवस्थापनको लागि के कस्ता गतिविधिहरु संचालन गरीयो भने प्रभावकारी हुन सक्छ ? |
| | के कस्ता गतिविधिहरु संचालन गरीयो भने प्राकृतिक स्रोतमा महिलाको पहुँच वढाउन सकिन्छ ? |
| | साना किसानहरुलाई के कस्ता गतिविधिहरु संचालन गरे भने पोषणयुक्त कृषि उत्पादन गर्न सक्छन् र कुपोषण कम गर्न सहयोग पुग्छ ? |
| | प्राकृतिक स्रोत व्यवस्थापनका सफल तथा असफलका कथाहरु के कस्तो प्रकारको हुन्छन् ? |
| | हरित गृह ग्याँस उत्सर्जन कम गर्न आयोजना क्षेत्रमा के कस्ता जलवायु परिवर्तन अनुकूलनका कार्यहरु संचालन भएका छन् ? |
| जलवायु समानुकूलित कृषि, पशु तथा वन विकास | साना किसानहरुले के कस्ता गतिविधिहरु गरे भने जलवायु समानुकूलित नाफामूखी कृषि व्यवसाय हुन सक्छ ? |
| | साना किसानहरुले के कस्ता गतिविधिहरु गरे भने जलवायु समानुकूलित नाफामूखी पशु व्यवसाय हुन सक्छ ? |
| | साना किसानहरुले के कस्ता गतिविधिहरु गरे भने जलवायु समानुकूलित नाफाम खी तथा दिगो वन व्यवस्थापन हुन सक्छ ? |
| | के कस्ता गतिविधिहरु संचालन गरीएमा प्राङ्गारिक खेति सफल तथा असफल हुन्छ ? |
| सङ्कटासन्न साना किसानको जलवायु समानुकूलनमा सुधार | जलवायु अनुकूलनका लागि सामुदायिक भौतिक पूर्वाधार तथा भू-व्यबस्थापनमा सुचारु कसरी गर्न सकिन्छ ? |
| | के कस्ता गतिविधिहरु गरीयो भने साना किसानहरुका लागी जलवायु अनुकूलित नाफामूखी उत्पादनमा वृद्धि गर्न सकिन्छ ? |
| | सुदृढ लापा तयार गर्दा के कस्ता गतिविधिहरु समावेश गरीयो भने साना किसानको गरीबी न्यूनिकरण गर्न सहयोग पुग्छ ? |
| | के कस्ता गतिविधिहरु संचालन गरियो भने साना किसानहरुलाई समानुकुलन हुन क्षमता वढाउन सकिन्छ ? |
| | साना किसानको लागि के कस्ता नविकरणीय उर्जा कार्यक्रमहरु संचालन गरियो भने उनिहरुको जीविकोपार्जनमा सुधार आउन सक्छ ? |
| | साना किसान ले फ्लेक्सी वायोग्यासको प्रयोग गर्दा के कस्ता सवाल तथा चुनौतिहरु देखीयो सफलता तथा असफलताका घटनाहरु भएको छ ? |
| | साना किसानहरुद्धारा गरीएका गतिविधिहरुको सफलता तथा असफलता कसरी मापन गर्ने ? |
| आयोजना अनुगमन तथा मुल्यांकन | जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु संचालन गर्दा के कस्ता अनुगमन तथा मूल्यांकन विधि तथा प्रकृयाहरु अपनाउनु पर्छ ? |
| | सहभागीतामूलक अनुगमन तथा मूल्यांकन गर्दाको सफलताको कथा के कस्ता हुन सक्दछन् ? |
| | स्वाअनुगमन तथा मुल्यांकन गर्दाको सफलताको कथा के कस्तो हुन सक्दछन् ? |
| ज्ञान व्यवस्थपन | सामुदायिक ज्ञान केन्द्र दिगो व्यवस्थापन गर्नको लागि के कस्ता गतिविधिहरु गर्न आवश्यक हुन्छ ? |
| | जलवायु परिवर्तन अनुकूलन सम्बन्धि सामुदायिक ज्ञान केन्द्र (Community Knowledge Center) स्थापना तथा ज्ञान प्रचार प्रसार सफलताको कथाहरु हुन सक्दछन् ? |
| | के कस्ता गतिविधिहरु संचालन गरीयो भने जलवायु अनुकूलन सम्बन्धि प्रचार प्रसार हुन्छ ? |
| आयोजना व्यवस्थापन तथा समन्वय | पहाडी साना किसानको लागि अनुकूलन आयोजना जस्तै अन्य आयोजनालाई कसरी प्रभावकरी व्यवस्थापन गर्न सकिन्छ तथा अन्य आयोजनाहरुबाट सिकाई गर्न सकिन्छ ? |
| | यस प्रकारको आयोजनाको ढाँचामा के के कुराहरु थप्नु वा घटाउनु पर्छ ? |
| | आयोजना संचालनमा कुन कुन निकायहरुसंग कसरी प्रभावकारी समन्वय गर्न सकिन्छ ? |

## १३.२ ज्ञान आदान प्रदान संयन्त्र

माथि उल्लेखीत ज्ञानका विषयवस्तहरु र सिकाई प्रश्नहरुले विभिन्न ज्ञान उत्पादन र तयार गर्न मार्गप्रशस्त गर्नेछ। यहाँ ज्ञान विकासका आधारहरु तल उल्लेख गरीएको छ। प्रत्येक विषयवस्तुका लागि सम्भावित संयन्त्रहरु प्रस्तावित छन् र आयोजनाले वास्तविक रुपमा कार्यान्वयन हुनेमा विश्वस्त छ । आयोजनामा प्रयोग गरिने प्रस्तावित ज्ञान आदान प्रदान संयन्त्र संक्षिप्तरुपमा तालिका नं.३ मा प्रस्तुत गरीएको छ।

### तालिका नं. ३: ज्ञान उत्पादन औजार, सिमा तथा क्षेत्र


| ज्ञान उत्पादन औजार | सिमा तथा क्षेत्र |
|---|---|
| कथा | आयोजनाको अनुभव विभिन्न दृष्टिकोण तथा प्रकृयाबाट सफलता वा असफलता वास्तविक र उल्लेखनिय कथाहरु अधिकतम् दुई पृष्ठमा लेख्ने र आयोजनाको वार्षिक प्रतिवेदन र अन्य परियोजनाको प्रकाशनहरुमा प्रयोग गर्न सकिन्छ। |

| | |
|---|---|
| मामला अध्ययन | घटना अध्ययनमा समय सन्दर्भ, विषयवस्तु लगानी, प्रकृया, विधि, उपलब्धि र सवाल तथा चुनौतिहरु सहितको सिकाईका मुख्य पाठहरु प्रमाण सहित सावधानीका साथ संकलन र लेख्नु पर्छ । |
| सहकार्यमा आधारीत अध्ययन | कार्यमा आधारीत अध्ययन मुख्यतया आयोजनाको संलग्नतामा जलवायु परिवर्तन अनुकूलन योजना कार्यान्वयनको सवालमा ज्ञान र जानकारीको अन्तरको वारे विशिष्ट अनुसन्धान गरी आवश्यक विकास गर्न सुझाव गर्दछ । |
| अभ्यास पत्र | छनौट गरिएका विषयवस्तु मध्ये कुनै एकमा गहिरो अध्ययन गरी सैद्धन्तिक व्यवहारिक पक्षहरुको विश्लेषण गरिन्छ र मामला अध्ययन र कार्यमा आधारित अध्ययनवाट पनि सहयोग लिईन्छ । |
| प्राविधिक लेख | एक प्राविधिक छोटो लेख जलवायु परिवर्तन अनुकूलनका सवालको व्याख्या बुझ्न सुलभ र सजिलो रुपमा प्रस्तुत गर्दछ । उदाहरणको लागि LAPA तयारी तथा कार्यान्वयन प्रकृया चित्रवर्णनका साथ । |
| सेवागग्रहीवाट ज्ञान आदान प्रदान | आयोजनामा संलग्न विभिन्न स्तरका सेवाग्राहीहरु (actors) विचमा जलवायु परिवर्तन अनुकूलनका विषयमा ज्ञान आदान प्रदान गर्नु पर्ने हुन्छ । तिनिहरु साना किसान, सेवाप्रदायक, सहजकर्ता, कृषि व्यवसाय लगायतमा हुन सक्छ । उनिहरुलाई ज्ञान आदान प्रदान विषयगत क्षेत्रमा अध्ययन भ्रमण, अनुभवजन्य परिचयात्मक भ्रमण, वहुसरोकारवाला विच छलफल, विभिन्न भेला कार्यक्रम, क्षेत्रिय र राष्ट्रिय कार्यशालाहरुमा सहभागी गराईन्छ । |
| वेबसाइटहरु *Websites* | आयोजनाको सम्बन्धित वर्तमान २ वेबसाइटहरु आयोजनाको र IFAD एशियाको वेभसाइट प्रयोग भईरहेको छ यसलाई निरन्तरता दिइन्छ । |
| आयोजनाको निर्देशिका तथा गाईडलाईन | आयोजनाले विभिन्न गतिविधिहरु संचालन गर्न विभिन्न विषयगत मार्गदर्शन, निर्देशिका, कार्यविधि, रणनीतिहरु तयार गरी वितरण गर्नेछ । |
| रेडियो कार्यक्रम | आयोजनाले २० मिनट सम्मको जलवायु परिवर्तन अनुकूलनका विभिन्न सवालहरुमा रेडियो कार्यक्रम जिल्ला आयोजना समन्वय इकाईसग समन्वय गरी उत्पादन गर्ने र राष्ट्रिय तथा क्षेत्रिय स्तरको एफ.एम रेडियो पाक्षिक रुपमा संचालन गनछ । |
| भिडियो फिल्म | आयोजनाका सफल वा असफलका कथामा आधारीत छोटो यूवट्यूव भिडियो फिल्मको विकास गरी वेबसाईटमा राखीनेछ । आवश्यकता अनुसार तालिम गोष्ठीमा प्रयोग गरीने छ । |

### १३.३ ज्ञान व्यवस्थापन तथा सिकाई प्रणाली

आयोजनाको ज्ञान व्यवस्थापन प्रणाली ज्ञान सिर्जना, संग्रह, भण्डारण र ज्ञान प्रकाशन हुन् । यस प्रणालीलाई व्यवस्थापन गर्ने प्रकृया तथा विधिहरु चित्र नं १ मा उल्लेख गरीएको छ ।

**चित्र नं. १: ज्ञान व्यवस्थापन तथा सिकाई प्रणाली**




## १४.संचार योजना

पहाडी साना किसानको लागि अनुकूलन आयोजनाको संचार योजना दुई तहमा आधारीत हुनछ : आन्तरीक तह र बाहिरी तह।

**क. आन्तरीक तहः** आयोजनाका कर्मचारी, सेवाप्रदायकहरु विच विभिन्न वैठक, गोष्ठी, तालिममा गरीने संचारले आयोजना संचालन अवधिमा कार्यान्वयन र व्यवस्थापनमा तत्काल सुधारका कार्यगर्न, कार्यमा आधारीत सिकाई र ज्ञान आदान प्रदान हुन सहयोग पुग्नेछ। जस्ले आयोजना व्यवस्थापनमा सहजीकरणको भूमिका खेल्नेछ।

**ख. बाहिरी** तहः विशेषत बाहिरी तह भन्नाले आयेजनासंग सम्वन्धित सरोकारवाला निकाय, नेपाल सरकार, अन्तराष्ट्रिय कृषि विकास कोष (IFAD) तथा अन्य दातृ निकायहरुलाई नीतिगत छलफल, वहस र निर्णय गर्न, कार्यमा आधारीत सिकाई र ज्ञान बारे विभिन्न माध्यमहरुवाट संचार गरीने छ।




**चित्र नं. २ : आन्तरिक तह तथा वाह्य तह विचको संचार अन्तरसम्बन्ध**

### १४ १ संचार तथा प्रचार प्रसार

आयोजनाको गतिविधिहरुलाई प्रभावकारी कार्यान्वयन गर्न र प्राप्त उपलब्धिको वारेमा संचार तथा प्रचार प्रसार कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दछ। आयोजनाको उपलब्धिमूलक गतिविधि केन्द्रीत सामाग्री विकास र संचार तथा प्रचार प्रसार कार्यक्रमले आयोजनाको क्षेत्र विस्तार गर्न सहयोग पुग्छ। यसको साथसाथै संचालन भईरहेको आयोजना र अन्य आयोजनाहरुको विचमा संचारलाई प्रभाकारी वनाउन उत्पादन र प्रकाशनमा आयोजना कर्मचारीहरुको क्षमता विकास गरीनेछ। यसको लागि संचार पात्रो तयार गरी अनुसूचि ६ मा राखीएको छ।

### १४.२ संचार गतिविधि तथा माध्यम (प्रस्तावित)

आयोजन भित्र प्रयोग गरीने संचार माध्यम, प्रचार प्रसारका कृयाकलाप तालिका नं. ४ मा उल्लेख गरीएको छ।

### तालिका नं. ४: संचार विधिहरुको प्रयोग

| संचार माध्यम | कृयाकलाप | सुझाव तथा सिमितता |
|---|---|---|
| संचार विधिहरुको प्रयोग | | |
| **प्रचार प्रसार** | आयोजनाको कृयाकलापहरुको वारेमा पारदर्शिता वढाउन संचारकर्मीमार्फत सार्वजनिकरुपमा सर्वसाधारणहरुलाई सन्देश प्रवाह गरी सक्षम नेतृत्व स्थापीत गर्न प्रवलिकरण गर्ने । | **संचार क्षेत्रसंग राम्रो सम्वन्ध हुनसक्छ, संचारकर्मीहरुवाट संचार गरीने सन्देश राम्रो हुनु पर्छ, आयोजनाले चाहे अनुसार सन्देश नहुन सक्छ ।** |
| **प्रेस विज्ञप्ती** | आयोजनाको नयाँ सोचहरु संचार क्षेत्र मार्फत समाचार प्रकाशन, प्रेस कथन, प्रेस लिखित रुपमा प्रेस विज्ञप्ति मार्फत संचार गर्ने । | **पत्रकारको लागि सम्वन्धित र वलियो समाचार फेला नपर्न सक्छ । वलियो र आधार विहिन समाचार महत्व हुदैन । विवादरहित मुख्य र मौलिक समाचार प्रवाह गर्नु पर्छ ।** |
| **प्रेस सम्मेलन** | समाचार सम्मेलन वा प्रेस कन्फ्रेन्स एक कार्यक्रम हो जसको लागि आयोजनाले उनिहरुको कुरा सुन्ने र धेरै संचारकर्मीहरुलाई निमन्त्रणा दिईन्छ र उनिहरुले प्रश्न सोध्छन् । | आयोजनाले केहि सान्दर्भिक कुराहरु प्रेश विज्ञप्तिमा थप्नु पर्छ । आयोजनाले कठिन प्रश्नको जवाफ दिन तयार हुनु पर्छ । कन्फ्रेन्स गर्नु अघि प्रेस विज्ञप्ति निकाल्नु हुदैन । |
| **पत्रकार भ्रमण** | आयोजना को क्षेत्रमा संचारकर्मीहरुको भ्रमण गराई सवै जानकारी संकलन गराउनु एउटा प्रभाकारी कदम हुनसक्छ । यदि सफलतापूर्वक यस्तो कार्यक्रम व्यवस्थित भएमा प्रेस यात्राले व्यापक र राम्रो संचार गरी आयोजनाको क्षेत्र विस्तार तथा प्रवर्द्धन गर्न सहयोग पुग्दछ । | पूर्वतयारी होसियारीका साथ समयमै गर्नु पर्छ, वलियो कथावस्तुहरु र वोल्ने प्रवक्ताहरु र दृश्यहरु राम्रो हुनु पर्छ, यदी आयोजनाले खर्च गर्नु परेमा खर्चिलो हुन्छ, तसर्थ आयोजक लचक हुनुपर्छ । |
| विभिन्न प्रकाशन सामाग्री | | |
| **पोष्टर** | पोष्टरहरु लक्षित दर्शकहरुलाई सरल र आकर्षक सन्देशहरु संवाद गर्न डिजाईन गर्न सकिन्छ । पोष्टरहरु सवैले देख्ने ठाउँहरुमा हुनुपर्दछ जहाँ लक्षित वर्गहरु आवतजावत गर्छन । यो प्रभावकारी माध्यम हुन सक्छ । पोष्टर चित्र सहित हुनेभएकोले यसले जानकारीमूलक शिक्षा दिन आवतजावत हुने स्थलहरु, सम्मेलनहरुमा प्रदर्शन गर्न सकिन्छ । | छोटो र प्रयोग हुन सक्ने वनाउन प्रयास, दर्शकको ध्यान आकर्षण गर्ने उद्देश्यका साथ छोटो शव्दको प्रयोग । |
| **तथ्यमा आधारीत नोट, ब्रोशर, प्राविधिक नोट,** | यी प्रकाशनहरुले आयोजनाको परिचय, लक्ष्य उद्देश्यहरुलाई वास्तविक गहिराईमा जानकारी लिन र समन्वय गर्न प्रयोग गर्न सकिन्छ । प्रायः ज्ञानलाई घटना अध्ययनवाट गहिरो वुझेर आयोजनाको गतिविधिहरुलाई समर्थन गर्न सहयोग गर्दछ । | प्रकाशित सामाग्रीहरुलाई वितरण गर्न मर्ञ्च आवश्यक पर्छ । जहाँ हाम्रा श्रोतहरु हुन्छन् त्यस्ता स्थानहरुमा हुलाक वा विभिन्न सभासम्मेलनमा वितरण गर्ने । |
| **सूचना पत्र** ( News letter) | विशेष समूह तथा वर्गहरुको रुचिलाई सम्वोधन गर्न आयोजनाले के गर्दै छ भन्ने जानकारी दिन नियमित डिजिटल सूचना तथा समाचार प्रकाशन गरीन्छ । यसको माध्यमवाट दातृ निकाय, सरोकारवालाहरु, क्ष्ब्म एशिया र संजालहरुलाई आयोजनाको गतिविधिहरु तथा परिणामहरुको जानकारी दिन्छ । | छोटो र यथार्थवादी वनाउन प्रयास गर्नु पर्छ । हामी निश्चित हुनुपर्छ कि हाम्रा दर्शकहरुको विशेष रुचिका कम्तिमा एक कथा प्रकाशन गर्ने छौ अन्यथा अर्कोपटक उनिहरुले पढ्ने छैनन् । दर्शक विशेष केन्द्रित हुनुपर्दछ । |
| **श्रृव्यदृश्य सामााग्री** | | |
| **एफ.एम.रेडियो कार्यक्रम** | एफ.एम. रेडियो कार्यक्रमले आयोजनाको पृष्ठभूमि सहित समुदाय सम्म सन्देश फैलाउन र व्यवहार परिवर्तनमा प्रभावकारी भूमिका खेल्ने भएकोले लगातार रुपमा कार्यक्रम संचालन गर्न आवश्यक छ । | **सन्देश प्रष्ट वुझिने, छोटो र सम्झन सक्ने वनाउनु पर्छ ।** |
| **विषयगत वृत्तचित्र निर्माण** | वृत्तचित वास्तविकता वा कुनै काल्पनीक घटनालाई अभिव्यक्त गर्ने एक माध्यम हो । यसले वानी व्यवहार परिवर्तन तथा नयाँ ज्ञान अवलम्वन गर्न आकर्षित गर्छ । उत्पादनको लागि दक्ष जनशक्ति आवश्यक पर्ने भएको हुँदा कुनै कम्पनी मार्फत काम गर्न आवश्यक हुन्छ । | कुन उद्देश्यको लागि वृत्तचित्र निर्माण गर्ने हो त्यसको आधारमा खर्च निर्भर गर्छ । छोटो र सन्देशमूलक वनाउनु पर्छ, यूवट्यूव मार्फत वितरण गर्न सकिन्छ । |
| **इन्टरनेट** | इन्टरनेट मार्फत संगठनका विस्तृत जानकारी, लेख चित्र सहित प्रयोग गर्न वेबसाईट व्यवस्थित गरीन्छ । | हाम्रो सन्देश प्रयोग गर्ने व्यक्तिहरुको निर्भर हुन्छ, धेरै इच्छुक दर्शकहरुको पहुँच इन्टरनेटमा कम छ, आयोजनाको सन्देश जानकारीहरु छुट्न सक्छ, समय समयमा सुधारको आवश्यकता पर्छ । |


**१४.२ संचार योजना (क्यालेण्डर)** आयोजनाले संचार गतिविधिहरुलाई प्रभावकारी कार्यान्वयनको लागि तालिका नं. ५ मा संचार योजना सहित प्रस्ताविक कृयाकलापहरु तयार गरीएको छ ।

**तालिका नं. ५: संचार योजना**

| संचार कार्यक्रम | उद्देश्य तथा सन्देश | कसरी | कहाँ | कहिले | लक्षित वर्ग | समन्वय तथा व्यवस्थपन | सहयोग तथा समर्थन |
|---|---|---|---|---|---|---|---|
| कर्मचारी क्षमता विकास | ज्ञान व्यवस्थापन तथा संचार माध्यमको प्रयोग वारे आयोजनाका कर्मचारीहरुको क्षमता विकास | आयोजनाका कर्मचारी तथा राष्ट्रिय स्तरको श्रोत व्यक्तिको परिचालन गरेर | आयोजना प्राविधिक इकाई | जुलाई २०१८ | आयोजनाका कर्मचारीहरु | ज्ञान व्यवस्थाप क विज्ञ | आयोजना प्रमुख |
| संचारकर्मीहरु को भ्रमण | आयोजनाको राम्रा अभ्यासहरुको प्रचार गर्न<br>सुदृढ लापा  तयारी, कार्यान्वयन प्रकृया र उपलब्धिहरुको वारेमा जानकारी | राष्ट्रिय,  क्षेत्रिय, प्रदेश स्तरका संचारकर्मीहरु , टेलिभिजन च्यानल संग समन्वय गरेर | रुकुम, दैलेख, सल्यान | प्रत्येक वर्ष | सर्वसाधारण सवै | ज्ञान व्यवस्थाप क विज्ञ | जिल्ला आयोजना प्रमुखको समर्थनको |
| विषयगत पोष्टर प्रकाशन | LAPA तयारी, कार्यान्वयन प्रकृयाको वारेमा वुझाउन<br>नविकरणीय उर्जाका विभिन्न प्रविधिहरुको वारे वुझाउन | विषयगत सहभागी सुहाउदो शैक्षिक सामाग्रीको अध्ययन गरी आवश्यकता अनुसार सन्देश छनौट गरी | सवै कार्यक्षेत्र | आवश्य कता अनुसार प्रत्येक वर्ष | सेवा प्रदायक सहजकर्ता | ज्ञान व्यवस्थाप क विज्ञ | विषयगत विज्ञको प्राविधिक सहयोग |
| न्यूजलेटर | आयोजनाको क्षेत्रमा भएका गतिविधिहरु तथा उपलब्धिहरुको वारेमा सरोकारवाहरुलाई वारम्वार जानकारी गराउने । | संवन्धित श्रोत व्यक्तिको सहयोगमा सवै जिल्लामा भएको गतिविधिहरुको सूचना संकलन गरी अर्धवार्षिक रुपमा प्रकाशन गर्ने | आयोजना प्राविधिक सहयोग इकाई | प्रत्येक वर्ष २०१८ देखी | सर्वसाधारण सवै | ज्ञान व्यवस्थाप क विज्ञ | विषयगत विज्ञका सहयोग तथा समर्थन |
| रेडियो तथा टेलिभिजन कार्यक्रम | साना किसानको लागि अनुकूलनका राम्रा अभ्यासहरुको तथा  जलवायु मैत्री कृषिवाली, पशु व्यवसाय, अगुवा कृषकको भूमिका, प्राङ्गारिक खेति विधि र नितिगत ज्ञान दिने | राष्ट्रिय स्तरका विज्ञहरु विच समुह छलफल, स्थानीय कृषकको जिज्ञासा सहितको प्रश्न उत्तर कार्यक्रम संचालन गर्ने | आयोजना प्राविधिक सहयोग इकाई | मासिक रुपमा २०१८ देखी | सर्वसाधारण सवै | सर्वसाधारण ा सवै | आयोजना प्रमुख |
| विषयगत वृत्तचित्र निर्माण | सुधिण LAPA निर्माण प्रकृयाको वारेमा शिक्षामूलक सामाग्रीको निर्माण तथा वितरण<br>सुधिण LAPA कार्यान्वयन गर्दा भएका उपलब्धिमूलक सफल कथा | आयोजनाका कर्मचारी तथा राष्ट्रिय स्तरको श्रोत व्यक्तिको परिचालन गरेर | जिल्ला तथा आयोजना प्राविधिक सहयोग इकाई | अप्रील २०१८ | सर्वसाधारण सवै | ज्ञान व्यवस्थापन विज्ञ | आयोजना प्रमुख |
| फोटो कथा | सुधिण LAPA निर्माण प्रकृयाको वारेमा शिक्षामूलक सामाग्रीको निर्माण तथा वितरण<br>सुधिण LAPA कार्यान्वयन गर्दा भएका उपलब्धिमूलक सफल कथा | आयोजनाका कर्मचारी तथा राष्ट्रिय स्तरको श्रोत व्यक्तिको परिचालन गरेर | जिल्ला तथा आयोजना प्राविधिक इकाई | अप्रील २०१९ | सर्वसाधारण सवै | ज्ञान व्यवस्थाप क विज्ञ | आयोजना प्रमुख |
| इन्टरनेट | आयोजना संग सम्वन्धित उत्पादित विभिन्न ज्ञान सामाग्रीहरु समय समयमा सुधार तथा वेबशाईटमा अपलोड गर्ने | आयोजनाको संचार अधिकृतले सवै जिल्लामा लगातार समन्वय गरेर | आयोजना समन्वय इकाई | लगातार | सर्वसाधारण सवै | संचार अधिकृत | आयोजना प्रमुख |
| सामुदायिक नाटक तथा पुतली खेल प्रशिक्षक प्रशिक्षण तालिम | सुदृढ LAPA निर्माण प्रकृया र कार्यान्वयन चरणमा समुदायको सहभागिताको लागि चेतनामूलक सन्देश प्रवाह गर्न | ज्ञान व्यवस्थापन विज्ञ र वाह्य परामर्श दाताको सहयोगमा | जिल्ला तथा आयोजना प्राविधिक इकाइ | २०१८ अगष्ट | फिल्ड प्राविधिक तथा सहजकर्ता | ज्ञान व्यवस्थाप क विज्ञ | जिल्ला संयोजक |

आयोजनाको ज्ञान व्यवस्थापन तथा सिकाई आदान प्रदान संयन्त्र चित्र नं. ३ मा राखीएको छ । यस चित्रमा राखिएको निकायहरुको नाम तथा संरचना परिवर्तन भएको अवस्थामा सोही बमोजिम समायोजन गरिनेछ ।

चित्र नं. ३ : ज्ञान व्यवस्थापन तथा सिकाई आदान प्रदान संयन्त्र



## १५. सिकाई योजना

सिकाई आजीवन प्रकृया हो । मानिसहरुले विभिन्न तरीकाहरुवाट सिक्ने र आवश्यकता अनुसार व्यवहारमा उतार्ने गर्दछन् । यहाँ पहाडी साना किसानको अनुकूलन आयोजनाका सरोकारवाला, सेवाप्रदायक तथा सेवाग्राहीहरुको सिकाई योजना कसरी वनाउने र कार्यान्वयन कसरी गर्ने विषयमा सुझाव गरीएको छ । साना किसानको क्षमता विकासको लागि योजनावद्ध पाठयोजना आवश्यक पर्दछ । पाठयोजना सहितको सिकाई योजनाले चाहेको उपलब्धि हासील गर्न सहयोग गर्छ । यस कार्यको फिल्ड स्तरमा कार्यरत सामाजिक परिचालक तथा विषयगत प्राविधिकहरुको मुख्य भूमिका रहन्छ। तालिका नं. ६ मा सिकाई विधिहरु तथा योजनाको नमुना खाकाको प्रस्ताव गरीएको छ ।

**तालिका ६: सिकाई योजना**

| सिकाई पूर्वको योजना | | | | सिकाई पछीको योजना | | |
|---|---|---|---|---|---|---|
| क्रसं. | प्रस्तावित सिकाई विधि | के र किन सिक्ने विषय र उद्देश्य तयार गर्ने ( उदाहरणको लागि) | कहाँ र कहिले सिक्ने संवन्धित समूह संग निश्चित गर्ने | सिकाई के भयो सवै संग छलफल गरी लिपीवद्ध गर्ने | कहाँ कहिले कसकसले सिकाई प्रयोग गर्ने प्रतिवद्धता संकलन गर्ने | आवश्यक प्राविधिक सहयोग तथा कार्यान्वयनको लागि योजना वनाउने |
| १ | अध्ययन अनुसन्धान | अनुकूलन मैत्री खेती प्रणाली | | | | |
| २ | वास्तविक वस्तुको अवलोकन | जैविकवार निर्माण | | | | |
| ३ | विषयगत औपचारीक तालिम | जलवायु परिवर्तन अनुकूलन | | | | |
| ४ | आम संचार माध्यमहरुको प्रयोग | जलवायु मैत्री उन्नत कृषि प्रविधि | | | | |
| ५ | आफै लगातार अभ्यास | जैविक मल वनाउने तरीका | | | | |
| ६ | परम्परागत ज्ञान प्रयोग | प्राङ्गगारिकखेती | | | | |
| ७ | व्यक्ति विश्लेषण | आफुले गरेका सफल असफल कार्यको पुनरावलोकन | | | | |
| ८ | अन्तरक्रिया | कम लागतमा वढि आम्दानी गर्ने उपाय | | | | |
| ९ | किताव अध्ययन | उन्नत कृषिवाली लगाउने तरीका | | | | |
| १० | अरुको सिकाईवाट सिकाई | प्राकृतिक जोखीमवाट सुरक्षित हुने उपायहरु | | | | |

## १६.कार्यान्वयन प्रणाली: भूमिका र जिम्मेवारी

आयोजनाको ज्ञान व्यवस्थापन तथा सिकाई रणनीतिका कार्यान्वयन आयोजना व्यवस्थापक नेतृत्व र मार्गदर्शनको अधिनमा हुनेछ । ज्ञान व्यवस्थापन र सिकाई रणनीतिको प्रभावकारी कार्यान्वयका लागि आयोजना कर्मचारीहरु, जसमा आयोजना संयोजक, जिल्ला आयोजना संयोजक, प्राविधिक टिम लिडर, ज्ञान व्यवस्थापक र संचार अधिकृत, अनुगमन तथा मूल्यांकन विज्ञ र आयोजनाका अन्य विषयगत विज्ञहरु मुख्य भूमिकामा रहनेछ । जलवायु परिवर्तन अनुकूलन योजना कार्यान्वयन सरोकारवालाहरु, सेवाप्रदायकहरु, सरकारी निकायहरु , आयोजना कार्यान्वयन इकाई, समिति, विषयगत कार्य समूह, LAPA तयारी परामर्शदाता, सामाजीक परिचालन सेवाप्रदायकहरु ज्ञान सिक्नको लागि जिम्मेवार हुनेछन् । ज्ञान व्यवस्थापन विज्ञलाई IFAD मुख्यालय र ज्ञान व्यवस्थापन संयोजक तथा संचार विभागवाट सहयोग हुनेछ । आयोजनाको ज्ञान व्यवस्थापन तथा संचार गतिविधिहरु कार्यान्वयनको लागि ज्ञान व्यवस्थापन विज्ञले परामर्शदाता र अन्य सेवाप्रदायकहरुलाई सहयोग गर्नेछ । ज्ञान वितरण गर्ने कार्यलाई आयोजना व्यवस्थापनले दैनिक कार्यको रुपमा लिनेछ । आयोजनाले सरोकारवालाहरुको सवै स्तरमा सूचना आदान प्रदानलाई एक जीवन्त कार्यक्रमको रुपमा कार्यान्वयन गनेछ। आयोजना क्षेत्रमा ज्ञान व्यवस्थापन तथा संचार सामाग्री वितरण तहगत रुपमा गरीने छ ।

### १६.१. समुदाय स्तर

प्रत्येक स्थानीय अनुकूलन योजना कार्यान्वय हुने क्षेत्रहरुमा सामुदायिक ज्ञान केन्द्र स्थापना गरीने छ । गाउँपालिकाले उपयुक्त स्थानको छनौट गरी ज्ञान केन्द्र स्थापना गनेछ । आयोजनाले एक पटकको लागि फर्निचर सामाग्रीहरु खरीद गर्न सहयोग प्रदान गनछ । आयोजनाले सुलभ तरीका वाट ज्ञान सामाग्री उत्पादन गरी पहुँच योग्य तरीकावाट ज्ञान केन्द्रमा विस्तार गरीने छ । यो केन्द्रले सामुदायिक वैठक तथा अन्य स्थीीयस्थीीयसमुदार्यहरुलाई ज्ञान वितरण गर्ने आधारभूत संरचना हुनेछ । जलवायु परिवर्तन तथा अनुकूलनका विषयमा समुदायमा रहेका सिकाईमा आधारीत नयाँ अनुभव, सूचना जानकारी आयोजनाका सोध कर्तालाई उपलव्ध गराउनेछ । आयोजना क्षेत्रका सात जिल्लामा  सामुदायिक ज्ञान केन्द्र स्थापनाको लागि सामुदायिक ज्ञान केन्द्र संचालन कार्यविधि अनुसार कार्यान्वयन गरीनेछ । समुदायमा जनचेतना जगाउन जलवायु मैत्री अनुकूलनका उपायहरुको वारेमा ज्ञानमा आधारीत जानकारीमूलक सूचनाहरु ज्ञान केन्द्रको पुस्तकालय मार्फत साना किसानहरुलाई प्रसार गरीनेछ । LAPA तयारी तथा कार्यान्वयनको चरणमा समुदायलाई पूर्वतयारी रहन जनचेतनामूलक कार्यक्रमहरुः जलवायु परिवर्तन विद्यालय शिक्षा कार्यक्रम, स्थानीय सांस्कृतिक तथा युवा समूहद्धारा सडक नाटक , देउडा गितनाच, भिडियो प्रदर्शन कार्यक्रमहरु संचालन गर्न सहयोग गरीने । वैकल्पीक उर्जा, जलवायु मैत्री कृषि तथा पशुपालन, वृक्षारोपण आदी विषयमा सूचना प्रवाह गर्न पोष्टर, पम्प्लेट, भित्ते लेखनहरु जस्ता संचारका कार्यहरु गरी समुदायको जलवायु परिवर्तन विषयमा जनचेतना जागरण गर्न प्रोत्साहित गरीनेछ । सामुदायिक स्तरमा भएका नतिजामूलक कार्यहरुको प्रतिवेदन तोकीएको खाकामा संवन्धित समूहले स्थानीय सहजकर्ताको सहजीकरणमा तयार गरी आयोजनामा पेश गर्ने परिपाटीको` विकास गरीनेछ ।

### १६.२. सामाजीक परिचालक तथा फिल्ड प्राविधिक स्तर

फिल्ड स्तरमा कार्यरत कर्मचारीहरुको लागि ज्ञान व्यवस्थापन योजना फारम तयार गरीनछ । यो योजना फारमको आधारमा आयोजनामा कार्यरत अगुवा कृषक, सामाजिक परिचालक ,विषयगत फिल्ड प्राविधिक र जिल्ला स्थित विषयगत विज्ञ तथा संयोजकहरुले आ-आफ्नो कार्यक्षेत्रमा भएका उल्लेखनीय कार्यहरुको अनुभव, सिकाई तथा ज्ञानहरुलाई विभिन्न माध्यमहरुवाट जस्तैः सफलताको कथा, फोटो कथा, भिडियो अन्तर्वाता वा अडियो अन्तर्वाता मार्फत व्यवस्थित गरीनेछ । विशेष गरेर आयोजना संचालन पूर्वको अवस्था, आयोजना कार्यान्वयनको अवस्था र आयोजना सम्पन्न भएको अवस्थाको वारेमा संवन्धित उपभोक्ताको अन्तर्वाता, फोटो भिडियो मार्फत उनिहरुको अनुभव, सिकाई, सुझाव तथा भावि योजनाहरु संग सम्वन्धित सूचना, जानकारीहरु आयोजनाको अनुगमन तथा मूल्यांकन प्रणाली अनुसार संकलन गरीने छ । संकलन भएका अनुभव, सिकाईहरुलाई जिल्ला आयोजना समन्वय इकाईले व्यवस्थित रुपमा सम्पादन गरी आयोजनाको चौमासीक तथा वार्षिक प्रतिवेदनमा समावेश गरीने छ ।

### १६.३. जिल्ला स्थित आयोजना तथा सेवाप्रदायक स्तर

आयोजनाको वार्षिक योजनामा ज्ञान व्यवस्थापन तथा संचार कृयाकलाप प्रष्टरुपमा उल्लेख गरीने छ । जिल्ला स्तरमा ज्ञान व्यवस्थापन तथा संचार सम्वन्धि समन्वय गर्न जिम्मेवार कर्मचारी तोकीनेछ । आयोजनाले संचालन गर्ने वैठक, गोष्ठी तालिम, भ्रमण जस्ता कार्यक्रमको लक्ष्य, उद्देश्य, र अपेक्षित उपलव्धि प्रष्ट उल्लेख गरी सहभागिहरुको सिप तथा ज्ञान विकास हुने पाठ योजना प्रष्ट तयार गरी योजना अनुसार कार्यान्वयन गरी सोही अनुसार प्रतिवेदन तयार गरीने छ । आयोजनामा कार्यरत कर्मचारीहरुको संचार क्यालेण्डरको विकास गरी (के संचार गर्ने, कस्लाई संचार गर्ने, कसरी गर्ने, कहिले गर्ने आदी) आफ्नो टिम भित्र आदान प्रदान भएको हुनेछ ।। आयोजनाको कार्यालयमा प्रत्येक आईतवार चिया समयमा ज्ञान आदान प्रदान गर्ने परिपार्टीको विकास भएको हुनेछ । आयोजनाको विधुतीय संचार माध्यमहरु (website, Facebook, YouTube) लगातार सवै कर्मचारी तथा सेवाप्रदायकहरुले उपयोग गरी आवश्यक सूचना तथा जानकारीहरु लिने वानीको विकास गरीनेछ । जिल्लाको आयोजना कार्यक्षेत्र भित्रवाट संकलित ज्ञान सामाग्रीहरुलाई व्यवस्थितरुपले प्रकाशन तथा प्रशारण गर्न जिल्ला आयोजना समन्वय इकाईको लागि फारमको विकास गरीनेछ । यो फारम अनुसार सम्वन्धित जिल्लाको ज्ञान व्यवस्थापनफोकल व्यक्ति ( Focal Person) ले विषयगत विज्ञहरुसँग समन्वय गरी आयोजनाको ज्ञान व्यवस्थापन तथा संचार नीति अनुसार आवश्यक सहभागी सुहाउदो सामाग्रीको विकास गरीनछ । जिल्ला स्तरमा उत्पादन गर्न लागेका ज्ञान सामाग्रीहरुलाई एकरुपता ल्याउन संचार सामाग्रीहरु उत्पादन गर्न पूर्व ज्ञान व्यवस्थापन विज्ञसंग समन्वय गरी आवश्यक सुझाव लिन सकिनेछ र सोही अनुसार प्रकाशन तथा वितरण गरीनेछ । यसैक्रममा जिल्ला आयोजना समन्वय इकाईबाट उत्पादन गरिने ज्ञान व्यवस्थापनको सामग्रिहरुको प्राविधिक परीक्षण गरी विषयगत विज्ञले सुधारको लागि सुझाव प्रदान गरिनेछ ।


### १६.४. विषयगत विज्ञ कर्मचारी स्तर

विषयगत विज्ञहरुले ज्ञान व्यवस्थापन विज्ञसंग समन्वय गरी सिकाईमा आधारित ज्ञान उत्पादन योजना बनाई वार्षिक योजनामा समायोजन गरीनेछ । सम्बन्धित विषयगत ज्ञानहरुले आवश्यकतामा आधारित (अगुवा कृषक, सामाजीक परिचालक, फिल्ड प्राविधिककाे लागि) शिक्षामूलक सामाग्री तयार गर्न सहयोग पुग्ने छ । साथै नीति निर्माता तथा दातृ निकायहरुमा छलफल तथा वहस चलाउन सिकाईमा आधारीत सूचनामूलक ज्ञानहरुको संकलन, लेखन गरी आयोजनाको वेभसाइटमा मा राखीनछ।

### १६.५. आयोजना प्राविधिक तथा समन्वय इकाई स्तर

आयोजनाका कर्मचारी तथा सेवाप्रदायकहरुमा ज्ञान व्यवस्थापनको वारेमा क्षमता विकास गराई उनिहरुमार्फत कार्यमा आधारीत ज्ञान उत्पादन तथा संचार गर्न प्रोत्साहित गरीने छ । आयोजना संचालन भएका क्षेत्रहरुवाट सिकाईमा आधारीत अनुभवजन्य सूचना, ज्ञानहरुको संकलन तथा प्रकाशनको लागि आवश्यक श्रोतको व्यवस्था गरीनछ । आयोजना क्षेत्र वाहिर उत्पादन भएका आवश्यक सामाग्रीहरुको संकलन, पुन प्रकाशन तथा वितरणको आवश्यक समन्वय तथा सहकार्य गरीनेछ । आयोजनाको विधुतीय संचार माध्यमहरुलाई प्रभावकारी प्रयोग गर्न आवश्यक सामाग्रीको व्यवस्था, क्षमतावृद्धि, दक्ष परामर्शको व्यवस्था स्वीकृत कार्यक्रम अनुसार गरीनेछ । ज्ञान व्यवस्थापनसंग सम्वन्धित विषयहरुमा सम्वन्धित विज्ञहरु संग समन्वय गरेर अगाडी वढने परिपाटीको विकास गरीनेछ । आयोजनाको विधुतीय संचार माध्यमहरुलाई (website, Facebook, YouTube) लगातार उपयोग गर्ने सवै कर्मचारीहरुलाई प्रोत्साहित गरीनेछ । ज्ञान व्यवस्थापन कार्यान्वयन ढाँचा चित्र नं. ४ मा उल्लेख गरीएको छ ।

**चित्र नं. ४:** ज्ञान व्यवस्थापन कार्यान्वयन ढाँचा



## १७. ज्ञान व्यवस्थापन तथा सिकाई रणनीतिको तार्किक ढाँचा (Logical Framework)

ज्ञान व्यवस्थापन तथा सिकाई रणनीतिको उद्देश्य र परिमाणको आधारमा **तार्किक ढाँचा (logical Framework)** विकास गरीएकोछ । यसै ढाँचाको आधारमा आयोजनाको ज्ञान व्यवस्थापन तथा सिकाई रणनीतिको कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गरीनेछ । तालिका नं. ७ मा उद्देश्यमा आधारीत तार्किक ढाँचा र तालिका नं. ८ मा परिणाममा आधारीत तार्किक ढाँचा राखीएको छ ।

**तालिका नं ७: उद्देश्यमा आधारीत तार्किक ढाँचा**

| *उद्देश्यको विवरण* | *सूचकको विवरण* | *लक्ष्य प्रमाणीकरण* | *कार्यान्विय वर्ष २०७४-२०७६* | *जिम्मेवार व्यक्ति तथा समूह* |
|---|---|---|---|---|
| ***परिमाण १.*** *आयोजना अन्तर्गत ज्ञान आदान प्रदानको लागि भिन्न PSC वैठक, अनलाईन अन्तरकृया, IFAD एशिया पोर्टफोलियो विषगत सिकाई कार्यक्रमहरु प्रभावकारीरुपमा संचालन भएको हुनेछ ।* | *ज्ञान आदान प्रदान र उपयोग गर्नेको संख्या वढेको ज्ञानको पहुँच हुर्ने संस्थाहरुको संख्या वढेको पहुँच* | *कार्यक्रमहरुमा सहभागीहरुको पृष्ठपोषण तथा अभिलेखीकरण* | *३ वटा ज्ञान तथा सिकाई आदान प्रदान कार्यक्रम ७० प्रतिशत मुख्य साझेदार संस्थाहरु सहभागी* | *PCU/TSU* |
| ***परिमाण २ :*** *तथ्यमा आधारीत ज्ञानको माध्यमवाट आयोजनाको योजना चक्र सुधारको लागि पृष्ठपोषण तथा नीतीगत विकास सहयोग पुगेको हुनेछ ।* | *मामला अध्ययनको संख्या र आयोजनामा प्रयोग* | *प्रगति प्रतिवेदन, वार्षिक कार्ययोजना र वजेट, बैठकहरु* | *कम्तिमा ४ विस्तृत मामला अध्ययन* | *PCU/TSU* |
| ***परिमाण ३.*** *आयोजनाको परिदृष्य विस्तार (Visibility) र संलग्नता वाहिरी क्षेत्र वा अझ वढेको हुनेछ ।* | *% प्रतिशत आयोजनाका मुख्य सरोकारवालाहरुको प्रयोगकर्ता सर्वेणमा सुधार आएको* | *प्रयोगकर्ता सर्वेणमा* | *कम्तीमा ६ न्यूजलेटर वितरण, ४ लेखहरु क्षेत्रिय र राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन* | *KMS, DPCUs TSU, PCU* |

**तालिका नं.८ : परिणाममा आधारित तार्किक ढाँचा**

| उपलब्धिको विवरण | सूचकको विवरण | उद्देश्य प्रमाणीकरण | कार्यान्वय वर्ष | जिम्मेवार व्यक्ति तथा समूह |
|---|---|---|---|---|
| ***परिमाण १.*** *आयोजना अन्तर्गत ज्ञान आदान प्रदानको क्रियाकलाप आयोजना निर्देशक समितिको वैठक, अनलाईन अन्तरकृया, IFAD एशिया पोर्टफोलियो विषयगत सिकाई जस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन भएको वा समावेस गरि कार्यान्वयन भएको हुनछ ।* | | | | |
| १.१.नियमित सिकाई आदान प्रदान प्रकृयाहरु स्थापना भएको | सरोकारहरुमा सिकाई आदान प्रदान गरेको राष्ट्रिय इभेन्टहरुको संख्या | ज्ञान म्याट्रिक्स र संचार क्यालेण्डर | २०७४-२०७८ | KMS, TSU, PCU staff |
| १.२ नियमित रुपमा क्षमता अभिवृद्धि तालिमको संयन्त्र स्थापित भएको हुने छ । | क्षमता अभिवृद्धी तालिम संचालन संख्या र तालिम तथा गोष्ठिमा सहभागीहुनेको संख्या | ,, | २०७४-२०७८ | KMS, TSU, PCU staff |
| ***परिमाण २ :*** *तथ्यमा आधारीत ज्ञानको माध्यमवाट आयोजनाको योजना चक्र सुधारको लागि पृष्ठपोषण तथा नितीगत विकास सहयोग पुगेको हुनेछ ।* | | | | |
| *२.१* तथ्यमा आधारीत ज्ञान उत्पादनको लागि आयोजना अनुगमन मूल्यांकन प्रणाली प्रयोग भएको | अनुगमन तथा मूल्यांकन तालिम गोष्ठिको संख्या, M&E toolkit प्रयोग संख्या, मामला अध्ययन उत्पादन संख्या | ,, | २०७४-२०७८ | DPCUs TSU, PCU staff |
| ***परिमाण ३:*** *आयोजनाको परिदृष्य विस्तार (Visibility) र संलग्नता वाहिरी क्षेत्रमा फैलिएको हुनेछ ।* | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.१ सरोकारवालाहरुलाई आयोजनाको सूचनामूलक सामाग्री वितरण | सरोकारवालाहरुले आयोजनाको सूचनामूलक सामाग्री बुझेको संख्या ( ब्रोसर, लिफलेट, तथ्यनोट, प्रतिवेदन, न्यूजलेटर, पोष्टर आदी) | ,, | २०७४-२०७८ | DPCUs TSU, PCU staff |
| ३.२ आयोजनाको सूचनामूलक सामाग्री उत्पादन | प्रिन्ट गरेका र विधुतिय संचारका सामाग्रीहरु प्रकाशन, उपलव्धता, पहुँच संख्या | ,, | २०७४-२०७८ | DPCUs TSU, PCU staff |
| ३.३ मिडिया तथा पत्रकारहरु संगको सम्वन्ध स्थापना | आयोजनाको लेख पत्रिकामा प्रकाशन संख्या, कृयाकलापहरु मिडियामा कभरेज भएको संख्या | ,, | २०७४-२०७८ | DPCUs TSU, PCU staff |

## १८.मुख्य कार्य विवरण तथा जिम्मेवारि

ज्ञान व्यवस्थापन रणनीति तथा कार्ययोजनालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न तालिका नं. ९ अनुसार आयोजनाका कर्मचारीहरुको काम तथा जिम्मेवारी समावेश गरिएको छ । यस योजना अनुसार एकआपसमा सहयोग, समन्वय तथा सहकार्यको आधारमा ज्ञानको सृजना, संकलन, भण्डारण, प्रकाशन र वितरण गरीनेछ ।

**तालिका नं ९ : मुख्य कार्य विवरण तथा जिम्मेवारी**

| क्र. स. | पद | कार्य स्थान | के गर्ने | कहिले गर्ने |
|---|---|---|---|---|
| १ | आयोजना संयोजक | PCU | आयोजनाको ज्ञान व्यवस्थापन रणनीति कार्यन्वयनको अनुगमन तथा केन्द्रिय स्तरको नितिगत तहमा ज्ञान आदान प्रदान | लगातार |
| २ | जलवायु परिवर्तन विज्ञ | PCU | आयोजना स्तरमा जलवायु परिवर्तन संवन्धि ज्ञान सृजना, संकलन, भण्डारनमा सहजिकरण तथा नितिगत तहमा ज्ञान आदान प्रदान | चौमासीक |
| ३ | खरिद तथा वित्तिय विज्ञ | PCU | रणनीतिमा आधारीत दक्ष परापर्शदाता तथा सेवा प्रदायकको छनौट | आवश्यकता अनुसार |
| ४ | योजना अधिकृत | PCU | आयोजना स्तरमा रणनितिमाम भएका गतिविधिहरु वार्षिक योजनामा समावेश तथा दातृ निकायमा वाट अनुमोदन | वार्षिक |
| ५ | सूचना अधिकृत | PCU | आयोजना वाट संकन तथा प्रकाशन भएका ज्ञान सामाग्रीहरु वेवसाईट तथा समाजिक संजारल मार्फत वितरण, वेवसाईटको लगातार अपडेट | लगातार |
| ६ | योजना तथा कार्यलय सहायक | PCU | आयोजनमा संकलन, प्रकाशन तथा खरीद भएका ज्ञान तथा संचार सामाग्री आयोजना कार्यक्षेत्रमा एक हप्ता भित्र वितरण तथा वितरण भएको अभिलेख राख्ने | लगातार |
| ७ | आयोजना प्राविधिक टिम लिडर | TSU | ज्ञान व्यवस्थापन रणनीति कार्यन्वयनको अनुगमन तथा पृष्ठपोषण, योजना तयारमा सहयोग, क्षेत्रिय स्तरको सरोकारवालाहरुमा ज्ञान आदान प्रदान | लगातार |
| ८ | अनुगमन तथा मुल्यांकन अधिकृत | TSU/PCU | आयोजनाको अनुगमन फारम अनुसार विषयगत तथ्यांक, सूचना, ज्ञान संकलन गरी मासिक, चौमासीक, अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिवेदनमा समावेश गर्ने | चौमासीक |
| ९ | ज्ञान व्यवस्थापन विज्ञ | TSU | ज्ञान व्यवस्थापन तथा सिकाई रणनीति निर्माण, कार्यन्वयनमा समन्वय, सहकार्य, सहजीकरण, क्षमता विकास, संचार सामाग्री उत्पादन डिजाईन, लेआउट, ब्रेण्डीङ्ग, गुणस्तर विकास, उत्पादन ज्ञान आदान प्रदान (आन्तरीक,वाह्य) अनुगमन मुल्यांकन आदी । | लगातार |
| १० | योजना, अनुगमन तथा मुल्यांकन विज्ञ | TSU | आयोजनाको अनुगमन फारम अनुसार विषयगत तथ्यांक, सूचना, ज्ञान संकलन तथा चौमासीक, वार्षिक प्रगति प्रतिवेदनमा समावेश गर्ने यसै गरी सूचनाहरु आइफाडको रिम्स प्रतिवेदनको लागि समावेस गर्ने । | लगातार |

| | | | | |
|---|---|---|---|---|
| ११ | वन विज्ञ | TSU | उपजलधार व्यवस्थापनमा आधारीत ज्ञान सृजना, संकलन, भण्डारण तथा चौमासीक, वार्षिक प्रगति प्रतिवेदनमा समावेश | लगातार |
| १२ | कृषि विज्ञ | TSU | जलवायु समानुकूलित कृषि संवन्धि ज्ञान सृजना, संकलन, भण्डारण तथा चौमासीक, वार्षिक प्रतिवेदनमा समावेश गर्ने । | लगातार |
| १३ | पशु विकास विज्ञ | TSU | जलवायु समानुकुलित पशु सेवा तथा विकास सम्बन्धि ज्ञान सृजना, संकलन, भण्डारण तथा चौमासीक, वार्षिक प्रतिवेदनमा समावेश गर्ने । | लगातार |
| १४ | ईन्जीनीयर | TSU | जलवायु समानुकूलित भौतिक पूर्वधार विकास संवन्धि ज्ञान सृजना, संकलन, भण्डारण तथा चौमासीक तथा वार्षिक प्रतिवेदनमा समावेश । | लगातार |
| १५ | GESI विज्ञ | TSU | आयोजनाको कार्यमा लैगिक समता तथा सामाजिक समावेशीकरण संवन्धि ज्ञान सृजना, संकलन, भण्डारण तथा चौमासीक तथा वार्षिक प्रतिवेदनमा समावेश | लगातार |
| १६ | जिल्ला कार्यक्रम संयोजक | DPCUs | रणनीतिमा भएका जिल्ला स्तरीय गतिविधिहरु वार्षिक योजनामा वजेट सहित समावेश तथा कार्यन्वयनमा समन्वय गरी ज्ञान व्यवस्थापनको लागि आवश्यक विवरणहरु प्राविधिक सहयोग इकाई सुर्खेत तथा आयोजना समन्वय इकाई, काठमाडौमा प्रवाह गर्ने । | लगातार |
| १७ | जिल्ला जलवायु परिवर्तन विज्ञ | DPCUs | जलवायु अनुकूलनका ज्ञान सृजना, संकलन, भण्डारन तथा तथा प्रतिवेदनमा प्रकाशन | लगातार |
| १८ | जिल्ला LAPA संयोजक | DPCUs | जलवायु अनुकूलनका ज्ञान सृजना, संकलन, भण्डारण तथा तथा प्रतिवेदनमा प्रकाशन तथा जिल्लाको ज्ञान व्यवस्थापनको विवरणहरु संकलन गर्ने तथा व्यवस्थापन गरी राख्ने । | लगातार |
| १९ | जिल्ला GIS विज्ञ | DPCUs | उपजलधार व्यवस्थापनमा आधारीत ज्ञान सृजना, संकलन, भण्डारण तथा प्रतिवेदनमा प्रकाशन । | लगातार |
| २० | जिल्ला भूउपयोग योजना विज्ञ ( Land Use Planner) | DPCUs | उपजलधार व्यवस्थापनमा आधारीत ज्ञान सृजना, संकलन, भण्डारन तथा प्रकाशन । | लगातार |
| २१ | विषयगत फिल्ड स्तरीय प्राविधिक | DPCUs | जलवायु अनुकूलनका ज्ञान सृजना, संकलन, भण्डारण तथा लेखन | लगातार |
| २२ | सामाजीक परिचालन जिल्ला संयोजक | DSMPs | जलवायु अनुकूलनका ज्ञान सृजना, संकलन, भण्डारण तथा लेखनमा सहजीकरण तथा सम्पादन | लगातार |
| २३ | वार्ड स्तरीय सामाजिक परिचान कार्यकर्ता | DSMPs | जलवायु अनुकूलनका ज्ञान सृजना, संकलन, भण्डारण तथा लेखन | लगातार |
| २४ | सामुदायिक ज्ञान केन्द्र संचालक | CKCs | जलवायु परिवर्तन अनुकूलन संवन्धित ज्ञान आदान प्रदानमा भएका प्रयासहरुको प्रतिवेदन लेखन | लगातार |

## श्रोत सामाग्रीहरु


Adaptations for Smallholders in Hilly Areas, 2015. Project and project Iimplementation Manual, Hattisar, Kathmandu, Nepal.

Adaptations for Smallholders in Hilly Areas, 2017. Annual Work Plan Book, Hattisar, Kathamandu, Nepal. WPB

International Fund for Agriculture Development, 2015. ASHA project docuemnts, IFAD, Rome.

International Fund for Agriculture Development, IFAD- knowledge management & communication package for climate change & environment project

Jean-Louis Ermine , Bertrand Pauget , Annie Beretti , Gilbert Tortorici ECKM 2004 (European Conference on Knowledge Management),Paris, 30 septembre-1er octobre, 2004,pp 305-315

**ASHA** Adaptation for Smallholders in Hilly Areas

**IFAD** Investing in rural people

| पहाडी साना किसानको लागि अनुकूलन आयोजन (ASHA) | | | |
|---|---|---|---|
| आयोजना समन्वय इकाई, काठमाण्डौ | | प्राविधिक सहयोग इकाई, सुर्खेत | |
| सम्पर्क नम्बर: ०१४४३४५०४ | | सम्पर्क नम्बर: ०८३५२१०६५ | |
| जिल्ला आयोजना समन्वय इकाई | | | |
| जिल्ला | रोल्पा | रुकुम | सल्यान |
| सम्पर्क नम्बर | ९८५७८२४५५१ | ०८८५३००७१ | ०८८५२०४८१ |
| जिल्ला | जाजरकोट | दैलेख | कालिकोट |
| सम्पर्क नम्बर | ०८९४३०३५३ | ०८९४२०६६१ | ०८७४४०१८२ |
| www.asha.gov.np | | | |